**बालबालिकालाई निमोनियाबाट जोगाऔं**

निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमितरूपमा लगाइने खोपहरू लगाऔं ।
- आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धूलो, धूवाँ, चीसो तथा प्रदूषणबाट बचाऔं ।
- सरसफाइमा उचित ध्यान दिऔं ।
- सङ्क्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर २१ गते शुक्रवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 06 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९८

## मलको कालोबजारी, किसानहरू समस्यामा

धर्मेन्द्र चौरसिया, पोखरिया, २० मङ्सिर/

गहुँखेती गर्नुपर्ने बेलामा पनि पर्सेली किसान मल अभाव झेलिरहेका छन् । गहुँको बीउ झर्नु अघि डिएपी मल छरेर माटो सम्याउनुपर्ने र अनिमात्र गहुँको हुने गरेकाले सोबापत आएको मल गहुँखेती गर्ने किसानहरूले उपभोग गरिरहेको बताइन् । उनले बढी मूल्यमा मल बिक्री नगर्न र गर्नेहरूलाई कारबाही गर्ने चेतावनी दिएको तर बढी रकमको बिल नदिने हुने भएकोले पर्सेली किसानहरूमध्ये आधाभन्दा बढीले आवश्यकता अनुसारको डिएपी र युरिया मलको भण्डारण गर्ने गरेका छन् । मल भण्डारण गरेका किसानहरूले गहुँको बीउ छरिसकेका



बीउ छर्दा बाली सपर्ने हुँदा अहिले किसानहरू मल अभावले बीउ छर्न सकेका छैनन् । कृषि सामग्री र साल्ट ट्रेडिङ कम्पनीले सहकारीमार्फत कोटामा मल दिने गर्छन् । पोखरिया नगरपालिकामा मात्र यहाँका वडाहरूमा न्यूनतम १५० बोरा डिएपी आवश्यक छ तर कोटामा ३५ देखि ४० बोराभन्दा बढी मल उपलब्ध गराइएको छैन ।

अभावको फाइदा उठाएर अहिले प्रतिबोरा रु २,३२५ पर्ने डिएपी मल ३२ सय रुपैयाँसम्म कालोबजारीमा बिक्री भइरहेको छ । पोखरिया नपा–४ बजार क्षेत्रमा एकजना पसलेले रु ३२ सय प्रतिबोरा डिएपी बिक्री गरिरहेको किसानहरूले बताए । यसपटक किसानहरूले मलको अभाव झेल्नु नपर्ने प्रदेश र सङ्घका कृषिमन्त्रीहरूले सार्वजनिकरूपमा भाषण गर्दै आएका थिए तर अहिले किसानहरूलाई मलको आवश्यकता पर्दा उनीहरूको बोली बन्द भएको छ ।

पोखरिया नपाकी उपप्रमुख रूबि ठाकुरले अहिले तोरी र आलु खेतीका लागि किसानलाई वडापिच्छे ४० बोरा मल पाएको र गहुँखेतीका लागि दुवै कम्पनीले मल नै नदिएको बताइन् । उनले पोखरियामा तोरी र आलुको कम खेती हुनाले कारबाही गर्न समस्या भएको बताइन् ।

तर कृषि सामग्री कम्पनी, वीरगंजका प्रवक्ता पुरुषोत्तम सिंहले तोरी र आलु खेतीका लागि एक महीना अघि नै मल पठाएको र अहिले पठाएको मल गहुँखेतीको लागि भएको बताएका छन् । उनले मलको कोटा प्रदेशबाट निर्धारण भएर आए अनुसार सम्बन्धित पालिकाहरूमा पठाइएको बताए ।

अहिले पर्सा जिल्लाका किसानहरूले मल अभावलाई भारतीय बजारबाट मल खरीद गरेर पूरा गरिरहेका छन् । सीमावर्ती भारतीय बजार यहाँबाट नजीकमा रहेको र एक बोरा मलको लागि सुरक्षाकर्मीहरूले पनि रोकटोक नगर्ने हुँदा अधिकांश किसानले भारतबाट मल ल्याएर गहुँबालीमा छर्दै आएका छन् । केही किसानहरूले भने महँगोमा मल खरीद गरेर गर्जो टार्दैछन् । पर्सा जिल्लाको गण्डक नहरदेखि उत्तरतर्फ थरुहट क्षेत्रका किसानहरूलाई भारतीय बजार टाढा पर्ने भएकोले त्यहाँका कमै किसानहरू भारतीय बजार जान्छन् ।

तर गण्डक नहरदेखि दक्षिणतर्फ बज्रियान क्षेत्रका अधिकांश किसान मलको लागि भारतीय बजारमैं भर पर्दै आएका छन् । बर्सेनि बालीका लागि मल अभाव छन् । गहुँको बीउ छरेको २१ दिनपछि सिंचाइ गर्ने र त्यसको एक सातापछि माटो मलिलो भएपछि गहुँबालीमा युरिया मल छर्ने गरिन्छ ।

नेपाली मलको तुलनामा भारतीय मलको बोरामा पाँच किलो कम मल हुने र थोरै महँगो हुने भएपनि भारतीय मल खरीद गरेर खेतमा छर्नुपर्ने किसानहरूलाई बाध्यता छ । नेपाली मल प्रतिबोरा ५० किलो र भारतीय मल प्रतिबोरा ४५ किलो तौलका हुन्छन् । युरिया अहिले प्रतिबोरा रु ७५० मा नेपालमा पाइन्छ भने भारतमा सय बढी रु ८५० पर्छ ।

गहुँको बीउ छर्दा युरिया, पोटास र डिएपी मल दुई/दुई किलो प्रतिकट्ठा प्रयोग हुन्छ भने बीउ छरेको २१ दिन र सिंचाइ गरेको एक सातापछि युरिया मल प्रतिकट्ठा तीन/चार किलो प्रयोग गरिन्छ । गहुँबालीको लागि मात्र पनि तीनपटक मल आवश्यक पर्छ । पहिले बीउ छर्दा, त्यसको चार सातापछि र बाला लाग्ने बेलामा मल छरिन्छ । अहिले एक चरणको मल छर्ने कार्य भइरहेको छ । मङ्सिर मसान्तसम्म पहिलो चरणको मल छर्ने काम हुन्छ र त्यसको २१ दिनमा सिंचाइ गरिएको एकसातापछि, अनि तेस्रो चरणमा बाला लाग्ने बखतमा मल छरिन्छ ।

## वर्षा सकिए पनि तटबन्ध जोगाउन निजगढ नपा सुस्त

प्रस, निजगढ, १९ मङ्सिर/

वर्षायाममा सशस्त्र प्रहरी बल विपत् व्यवस्थापन सुरक्षा बेस निजगढलाई हारगुहार गर्ने निजगढ नगरपालिका वर्षा सकिएसँगै चुपचाप बसेको देखिन्छ । वर्षामा निजगढस्थित बकैया खोलामा आएको बाढीले खोलाको तटबन्ध कटान गरेपछि विपत् व्यवस्थापनको नाउँमा प्लास्टिकका बोरामा बालुवा भरेर काम टार्ने निजगढ नपा बकैया पुल दक्षिणतर्फ कटान रोक्न दिगो कार्य गर्न अहिलेसम्म पनि अग्रसर भएको छैन ।

बाढीले गर्ने कटानलाई रोक्न प्रारम्भिक अल्पकालीन उपाय



बकैया खोला र पुलको तटबन्धमा बाढी पारेको क्षति । तस्वीरः जीतलाल श्रेष्ठ

प्लास्टिकका बोरामा बालुवा भरेर क्षति कम गराउन सकिने उपाय भएको सशस्त्र प्रहरी बल विपत् व्यवस्थापन सुरक्षा बेस निजगढका प्रमुख एवं सशस्त्र प्रहरी नायब उपरीक्षक नन्दकिशोर महतोले बताए ।

प्लास्टिकको बोरामा बालुवा भरेर तत्काल बाढीबाट हुने कटान रोक्न सक्ने तर घामपानी, चीसो, तातोका कारण केही महीनामैं प्लास्टिकका बोरा कुहिएर बालुवा झर्ने उनले भने ।

बर्सेनि निजगढ नगरपालिकाले करोडौं मूल्यमा खोलाको टेन्डर लगाउँदै आइरहे पनि संरक्षणतर्फ ध्यान नदिंदा तटबन्धका पक्की संरचनाहरू बर्सेनि भत्किंदै बाढी बस्तीमा पस्न सक्ने सम्भावना बढेको छ । खोला ठेक्काको नाउँमा ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको अत्यधिक उत्खनन, दोहनले पुल र आसपासका बस्ती संरक्षणका लागि निर्माण गरिएको पक्की तटबन्ध बर्सेनि भत्किरहेको छ ।

वार्षिक ८–१० करोडमा खोला ठेक्का लाग्ने गरे पनि खोलाको संरक्षणमा निजगढ नगरपालिकाले चासो नदेखाउँदा बाढी प्रभावित क्षेत्रका स्थानीयहरूले नगरपालिकाको आलोचना गर्दै आइरहेका छन् । निजगढ नगरपालिकाले बर्सेनि खोला ठेक्काको नाममा करोडौं रुपैयाँ सङ्कलन गरे पनि अहिलेसम्म बकैया खोलाको पक्की तटबन्ध संरक्षणका लागि रकम खर्च नगरेको निजगढ नपा कार्यालय स्रोतले जनाएको छ ।

खोलाबाट नदीजन्य पदार्थ (दहत्तर बहत्तर) ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवाको उत्खनन मापदण्डविपरीत जथाभावीरूपमा हुँदा बर्सेनि पक्की तटबन्धमो असर पर्दै आएको छ । अवैध उत्खनन र ठेकेदारद्वारा गरिने खोला उत्खनन, दोहन कार्यमा निजगढ नगरपालिका मौन बस्दा बर्सेनि वर्षामा क्षति हुँदै आइरहेको छ ।

यस वर्षको बाढीले वडा नं ९ स्थित आर्यघाटसमेत कटान गरेको छ । सो स्थानमा विगतमा संरक्षणाका लागि लगाइएका तारजाली बाढीले बगाउँदा कटानको समस्या आइलागेको हो ।

यता पूर्व–पश्चिम महेन्द्र राजमार्ग चार लेन सडक विस्तारसँगै बकैया पुल निर्माण हुने क्रममा भत्किएको पक्की तटबन्ध पुनर्निर्माण हुने नगरप्रमुख सुरथ पुरीले बताइरहँदा बाढी बस्तीतर्फ पस्न सक्ने जोखिम बढ्दो छ । एशियन हाइवेसँग जोडिने भनिएको पूर्व–पश्चिम महेन्द्र राजमार्ग चार लेन सडक निर्माण गफमा मात्रै सीमित भएको तीन दशक पुगे पनि तीन वर्षयताबाट भने सम्बन्धित निकायका प्राविधिक टोली निजगढ नगरपालिकामा औपचारिक कोठे कार्यक्रम गर्दै सरकारी बजेट मात्रै खर्चने गरेका छन् ।

कोल्हवी नगरपालिकाले पनि आफ्नो क्षेत्रमा पर्ने बकैया खोलाको बर्सेनि ठेक्का लगाउँदै आइरहेको छ । खोला ठेक्काका नाममा मापदण्डविपरीत उत्खनन, दोहन हुँदा त्यसको असरसमेत निजगढस्थित बकैया पुल, तटबन्धलगायतका संरचनामा पर्दै आइरहेको छ । स्थानीय पालिकाहरूले खोलाको ठेक्का लगाउन पाउने कानूनी अधिकार रहे पनि संरक्षणमा समेत ध्यान दिन जरुरी छ ।

## सर्लाहीमा पनि गढीमाई मेला उद्घाटन

नितेश कर्ण, वीरगंज, २० मङ्सिर/

पाँच वर्षमा लाग्ने गढीमाई मेला



सर्लाहीमा पनि बिहीवारदेखि शुरू भएको छ । सर्लाहीको कविलासी नगरपालिका–६ जमुनियामा आजदेखि लागेको गढीमाई मेलाको मधेस प्रदेशका अर्थमन्त्री सुनील यादवले गरेका थिए ।

सो अवसरमा उनले गढीमाई हिन्दूहरूको आस्था र मधेसको सांस्कृतिक पहिचान भएकोले यसको संरक्षण र संवर्द्धन गर्न मधेस प्रदेश सरकार पछि नपर्ने बताए ।

सांसद हरि उप्रेतीले गढीमाईमाथि जनजनको विश्वास दिन प्रतिदिन बढ्दै गइरहेकाले यसलाई अझ व्यवस्थित बनाउँदै सभ्य र भव्यरूपमा सञ्चालन गरिने बताए ।

कार्यक्रममा नगरप्रमुख ब्रह्मदेव यादव, उपप्रमुख पूनम कर्णसमेत विभिन्न राजनीतिक दलका नेताहरूले गढीमाईको महिमा वर्णन गरेका थिए ।

## २५ जना बालिकाको बेलविवाह

प्रस, वीरगंज, २० मङ्सिर/

माईस्थान इही समिति वीरगंजको आयोजनामा बिहीवार माईस्थान पार्कमा सामूहिक इही बेलविवाह सम्पन्न भएको छ । कार्यक्रममा २५ जना नेवार कुलमा जन्मिएका छोरीहरूको सामूहिक बेलविवाह भएको हो । इही समिति वीरगंजका महासचिव सुनील जोशीले

(बाँकी अन्तिम पातामा)

## 'महिलालाई अगाडि बढ्ने अवसर दिनुपर्छ'

नरेश यादव, पर्सागढी, २० मङ्सिर/

'हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा




अन्त्यको लागि ऐक्यबद्धता' नाराका साथ बिहीवार पर्सागढी नगरपालिकाको आयोजनामा नगरपालिकाको सभाहलमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत एक दिने कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख गोकर्ण पाठकले महिला हिंसा अन्त्यका लागि शुरूमा आफ्नो घर, टोल, समाजबाट अभियान शुरू गर्नुपर्ने सुझाए । उनले घरदेखि समाजसम्म महिला र पुरुषबीच हुने भेदभाव हटाउन सकेको खण्डमा अभियानले सार्थकता पाउने बताए । महिलाहरूलाई अगाडि बढ्ने अवसर दिनुपर्ने उनले बताए । उनले बुझेकाहरूले नबुझेकाहरूलाई यसबारेमा जानकारी गराउन नसक्दा पनि समस्या विकराल बन्दै गएको बताए ।

उपप्रमुख पूजा चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापाले सामाजिक लिङ्ग भनेको के हो, लैङ्गिक हिंसाका प्रकार, शारीरिक हिंसा, आर्थिक तथा सामाजिक हिंसा, यौनजन्य हिंसा, महिला हिंसा, घरेलु हिंसाका कसूर र सजायलगायतका विषयमा सहभागीहरूलाई जानकारी गराएका थिए ।

एकद्वार सङ्कट व्यवस्थापन केन्द्र नारायणी अस्पतालकी रक्षा अधिकारीले महिला हिंसाबारेमा सहभागीहरूलाई जानकारी गराएकी थिइन् ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत हरिकिशोर चन्द्रवंशी, वडाध्यक्ष वीरेन्द्र चौधरी, रामबढाई यादव, शेष खुर्सेद, कार्यपालिका सदस्य सीता लामालगायत वडासदस्यहरू, सचिवहरूको सहभागिता थियो । कार्यक्रममा स्वागत स्वास्थ्य शाखा प्रमुख नारायण पौडेलले गरेका थिए भने सहजीकरण महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाकी शोभा मल्लिकले गरेकी थिइन् ।

## विचारसार र सूक्तिहरू

**जसले सहन सिकिसक्छ, उसले भन्न छोडिदिन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# सूचीकृतका लागि पहल गरौं

**बाराको बरियारपुरस्थित गढीमाई मन्दिर ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्त्व बोकेको स्थल हो । यो मन्दिर विशेषगरी पशुबलिका लागि विश्वप्रसिद्ध छ । विशेषत: पञ्चवर्षीय गढीमाई मेलामा लाखौं भक्तजन भेला हुने गरेका छन् । यसैबीच, सङ्घीय गृहमन्त्री रमेश लेखकले गढीमाई मन्दिरलाई युनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत गराउन पहल गरिने आश्वासन दिएका छन् । यथार्थमा कुनै पनि स्थललाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन निश्चित मापदण्ड पूरा गर्नुपर्छ, जसलाई नजीकबाट विश्लेषण नगरी यस्ता आश्वासनले निरर्थक विवाद सिर्जना मात्र गर्छ । विश्वसम्पदा सूचीमा सूचीकृत हुन न्यूनतमरूपमा पूरा गर्नुपर्ने केही मापदण्ड छन् । निर्धारित मापदण्ड पूरा गरेमा सम्पदा सूचीमा पर्न सक्छ । सम्पदा सूचीमा पार्न चाहेको स्थलले मानव सभ्यताका विकासक्रममा महत्त्वपूर्ण योगदान गरेको हुनुपर्छ । त्यसैगरी, सांस्कृतिक परम्परालाई अनुवाद गर्ने अनौठो वास्तुकलाको उदाहरण उक्त स्थलले दिन सक्नुपर्छ । त्यस्ता स्थल प्राकृतिक सौन्दर्यले भरिपूर्ण हुनुपर्छ वा सांस्कृतिक र प्राकृतिक तत्त्वहरूको अनुपम संयोजन भएको हुनुपर्छ । प्रस्तावित स्थल अन्तर्राष्ट्रिय मापदण्ड अनुसार संरक्षण गरिँदै आएको हुनुपर्छ । उक्त स्थलले समाजको सांस्कृतिक, धार्मिक, सामाजिक व्यवहारमा गहिरो प्रभाव पारेको प्रमाणित हुनुपर्छ ।**

**गढीमाई मन्दिरको सांस्कृतिक र धार्मिक महत्त्व निर्विवाद छ । तर विश्वसम्पदा सूचीमा सूचीकृत हुने सम्भावनालाई यथार्थपरकरूपमा विश्लेषण गर्न पनि आवश्यक छ । गढीमाई मेला विशेषत: पशुबलि प्रथाका कारण विश्वका धार्मिक आस्थावान्हरूको आकर्षणको केन्द्रबिन्दु बनेको हो । गीढमाई मेला स्थानीय संस्कृति र परम्पराको प्रतीक हो, जसले धार्मिक सहिष्णुता र सामाजिक एकतालाई प्रतिविम्बित गर्छ । मुख्यत: पशु अधिकारसम्बन्धी बहसका कारण गढीमाई मन्दिर र पञ्चवर्षीय मेला अन्तर्राष्ट्रिय समुदायको चासोको विषय बनेको हो । युनेस्कोको सूचीमा पर्ने स्थललाई सांस्कृतिक र प्राकृतिक दुवै पक्षबाट उत्कृष्ट मान्न सक्नुपर्छ । गढीमाई मन्दिरले धार्मिक महत्त्व राखे पनि यहाँ प्राचीन वास्तुकलाको नमूना, संरक्षण मापदण्डको पालना वा वैश्विक सांस्कृतिक योगदानको रूपमा स्थापित गर्न अझै गहिरो अध्ययन र प्रयासको आवश्यकता छ ।**

**गढीमाई विश्वमा नाम चलेको मन्दिर भए तापनि मन्दिरको संरक्षणमा स्थानीय सरकार र राष्ट्रिय सरकारको खुलेर सहयोग र सहभागिता पाइँदैन । गढीमाई क्षेत्रको संरचनात्मक र व्यवस्थापकीय सुधार नगरी यो विश्वसम्पदा सूचीमा पर्न कठिन छ । गढीमाई मेलामा हुने बलिप्रथाले पनि यस मन्दिरलाई विश्वसम्पदा सूचीमा पुग्ने बाटोमा विवाद खडा गर्छ । यो अवस्थामा यस प्रकारका घोषणा राजनीतिक औपचारिकता मात्रै बन्ने सम्भावना हुन्छ । मापदण्ड, संरक्षणका आवश्यकता र युनेस्कोमा प्रस्ताव पठाउने प्रक्रियाबारे गृहमन्त्रीमा स्पष्ट योजना अभाव देखिन्छ । यदि सरकार गढीमाई मन्दिरलाई साँच्चै विश्वसम्पदा सूचीमा सूचीकृत गराउन इच्छुक छ भने यसका लागि निश्चित योजना र स्पष्ट उद्देश्यसहितको कार्ययोजना बनाउनुपर्छ । स्थानीय समुदाय, संरक्षणविद् र अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा मन्दिरको संरक्षण र व्यवस्थापनलाई सुधार गर्नुपर्छ । यसको निम्ति गढीमाई मन्दिरको सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्वबारे गम्भीर अध्ययन गरिनुपर्छ । तब मात्रै मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन विस्तृत प्रस्ताव तयार गरी युनेस्कोमा पेश गरिनुपर्छ ।**

# अन्तत: बिआरआई कार्यान्वयन हुने नै भयो

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**'एड' अन्तर्गतको फ्रेमवर्कमा परियोजनालाई अगाडि बढाउने गरी दुई देशबीच सहमति भएको हो । एड भन्ने बित्तिकै हामीले विकासको लागि सहायता भनेर बुझ्दै आएका छौं । तर यसभित्र सहुलियत दरको ऋण पनि भन्ने बुझिन्छ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणपश्चात् बिआरआई परियोजना नेपालमा कार्यान्वयनमा ल्याउने विषयमा सहमति भएको छ । शाब्दिकरूपमा यसलाई जे भनिए पनि यथार्थमा यो बिआरआई अन्तर्गतको ऋण परियोजना नै हो । "फ्रेमवर्क अफ बेल्ड एन्ड रोड कोअपरेशन"मा दुवै देशले हस्ताक्षर गरेका छन् । सुरुआतमा नेपाली पक्षले "ग्रान्ट फाइनान्सिङ कोअपरेशन मोडालिटी" भन्ने शब्द फ्रेमवर्कको मस्यौदामा राखेको थियो । तर चिनियाँ पक्षले यसमा सहमति नजनाएपछि "एड असिस्टेन्स फाइनान्सिङ" शब्द राखेर प्रस्ताव गरिएपछि यसमा हस्ताक्षर भएको छ । अब बिआरआई आधिकारिकरूपमा नै नेपालमा अघि बढ्ने पक्का भएको छ । बिआरआई सहायता अन्तर्गत चीनले विभिन्न देशलाई दिंदै आएको सहुलियतपूर्ण ऋण नेपालले पनि पाउने भएको छ । देशभित्र सत्ताधारी दलका नेता र प्रतिपक्षी दलका नेताहरूले जतिसुकै सिद्धान्त र अडानको कुरा गरे पनि 'मगन्तेले रोज्न सक्दैन' भन्ने मान्यता यहाँ पनि प्रमाणित भएको छ । चिनियाँ शर्तमैं सम्झौता भएको छ भन्नुपर्दा अतिशयोक्ति नहोला । बिआरआई अन्तर्गत अनुदानको प्रावधान छैन, तसर्थ यो ऋण नै हुनुपर्छ । 'एड फाइनान्सिङ' शब्दको प्रयोगले केही भ्रम सिर्जना गरेको छ । तर यो ऋण नै हो ।

देशका तीनवटै प्रमुख राजनीतिक दल नेपाली काङ्ग्रेस, नेकपा एमाले तथा नेकपा माओवादी केन्द्र राजनीतिक नैतिकताको हिसाबले बिआरआईको पक्षमा उभिरहन बाध्य छन् । नेपालले बिआरआईको फ्रेमवर्कमा सन् २०१७ को मेमा हस्ताक्षर गऱ्यो । परराष्ट्र मन्त्रालयमा आयोजित एक कार्यक्रममा तत्कालीन उपप्रधान एवं अर्थमन्त्री कृष्णबहादुर महरा र तत्कालीन परराष्ट्रमन्त्री डा प्रकाशशरण महतको उपस्थितिमा तत्कालीन परराष्ट्र सचिव शङ्कर दास वैरागी र नेपालका लागि चिनियाँ राजदूत यु होङले बिआरआई परियोजनाको फ्रेमवर्कमा हस्ताक्षर गरेका थिए । वामपन्थी भएका कारण नेपालका कुनै पनि वामपन्थी राजनीतिक दलले चीनसित सम्बन्धित कुनै पनि सन्धि, सम्झौता वा समझदारीको विरोध गर्नुपर्ने कारण नै भएन । जनआन्दोलन–२ को सफलतापश्चात् नेपाली काङ्ग्रेसको पनि वामपन्थीकरण भइसकेको छ । देशका बाँकी दलहरूको पनि वामपन्थीकरण भइसकेको छ । अर्द्धवामपन्थको चरित्र त नेपाली काङ्ग्रेसले शुरूदेखि नै बोकेर हिंडेको छ । 'समाजवाद' एउटा यस्तो कोट हो, जसको उपयोग कुनै पनि राजनीतिक दलले आफ्नो आवश्यकता र सुविधा अनुसार गर्न सक्छ । कम्युनिस्टहरू पनि आफूलाई समाजवादी नै ठान्ने गर्छन् । स्व बिपी कोइरालाले भन्ने पनि गर्नुहुन्थ्यो, "साम्यवादमा लोकतन्त्र थपिदिंदा त्यो समाजवाद हुन्छ र समाजवादबाट लोकतन्त्र झिकिदिए त्यो साम्यवाद हुन्छ ।" नेपालमा झन्डै दुई दशकदेखि नेपाली काङ्ग्रेस र वामपन्थी दलको सहकार्यले नेपाली काङ्ग्रेसलाई पनि अर्द्धवामपन्थ चरित्रको बनाइदिएको छ ।

बिआरआई सहकार्य फ्रेमवर्कमा परेका १० वटा परियोजनामा टोखा–छहरे सुरुङमार्ग, हिल्सा–सिमकोट सडक परियोजना, किमाथांका–खाँदबारी सडक र पुल, जिलोङ–केरुङ–काठमाडौं सीमापार रेलमार्ग, डडेलधुरास्थित अमरगढी सिटीहल, जिलोङ–केरुङ–रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारणलाइन, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, दमकस्थित चीन–नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथलेक्टिस कम्प्लेक्स रहेका छन् ।

यस अघि नेपालले बिआरआई अन्तर्गत नौवटा आयोजना प्रस्ताव गरेको थियो । जसमा केरुङ–रसुवा ४०० केभी प्रसारणलाइन निर्माण, किमाथांका–हिले सडक, तमोर जलविद्युत् आयोजना, फुकोट जलविद्युत् आयोजना, गल्छी–रसुवागढी सडक स्तरोन्नति र दिपायल–चीन सीमा सडक छन् । उपरोक्त आयोजना ऋण, अनुदान वा सहुलियतपूर्णमा कसरी बन्ने भन्ने पनि टुङ्गो लागेको थिएन । तर एकैपटक पोखरा अन्तराष्ट्रिय विमानस्थलको निर्माण नै बिआरआई अन्तर्गतको ऋणबाट भएको भन्ने चिनियाँ दाबीले नेपालका प्रमुख राजनीतिक दलका नेताहरू नेपाली जनतालाई भ्रममा राख्दै आएका छन् भन्ने प्रस्ट भइसकेको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा लागेको २२ अर्ब रुपैयाँ चीनको एक्जिम बैंकबाट ऋणका रूपमा लिइएको हो । यसको ब्याजदर वार्षिक दुई प्रतिशत रहेको छ । यसको लागत अहिले आएर २६ अर्ब पुगिसकेको छ । विश्व बैंक र अन्य दाता राष्ट्रले नेपाललाई दिने गरेको ऋणबापत ०.५ प्रतिशत तथा ०.०१ प्रतिशत ब्याजदर मात्र हुने गर्छ । ऋणको रकम चीनले दिने कुरासम्म त ठीकै हो तर प्राविधिक, ठेकेदार, सल्लाहकार र अधिकांश मजदूर पनि चिनियाँ नै रहने कहाँसम्म जायज हो ? आखिर चीनले सित्तैमा ऋण त दिने होइन, त्यसलाई हामीले चुक्ता पनि गर्नुपर्ने हुन्छ र त्यो पनि साँवा–ब्याजसहित ? यति बढी कठोर शर्तका साथ ऋण लिनुको औचित्य बुझिएन ?

प्रधानमन्त्री केपीशर्मा ओलीको निर्वाचन क्षेत्र झापाको दमकमा चीन–नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथलेटिक्स कम्प्लेक्स रहेका छन् । त्यसैगरी, पूर्वप्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाको गृह जिल्ला डडेलधुरामा अमरगढी सिटीहलको निर्माण चिनियाँ सहयोगमा हुने भएको छ । आधा दर्जनपटक प्रधानमन्त्री भइसकेका देउवा र तीनपटक प्रधानमन्त्री भइसकेका ओलीलाई आफ्नो क्षेत्रको विकास पनि चीनको सहयोगमा चाहिएको रहेछ ।

चीनले पठाएको बिआरआईसम्बन्धी प्रस्तावित दस्तावेजमा दुई अर्थ लाग्ने, सुरक्षा र गठबन्धनको छनक दिने शब्द तथा भाषाहरू थिए । नेपालले यसमा संशोधन गरी अनुदान मात्र स्वीकार गर्ने र त्यो पनि नेपालका लागि आवश्यक र राष्ट्रिय आवश्यकतामा निहित हुने प्रस्ताव गर्ने तयारी थियो । नेपालले सन् २०१७ मा बिआरआईसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेको थियो । चीनले सन् २०२० देखि नै बिआरआई अघि बढाउन कार्यान्वयन सम्झौता गर्नुपर्ने भन्दै ताकेता गरिरहेको थियो । चिनियाँ राष्ट्रपति सी जिनपिङको महत्त्वाकाङ्क्षी आर्थिक र रणनीतिक परियोजनामा सहभागी देशहरूले ढिलो, चाँडो चिनियाँ राष्ट्रपतिका थप तीनवटा परियोजनामा पनि सहभागी हुनुको विकल्प छैन । चीनले बिआरआईपछि जिडिआई, जिएसआई र जिसिआई भन्ने परियोजना पनि अघि बढाएको छ । ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई) त बिआरआईसँग कुनै न कुनै रूपमा सम्बन्धित विषय नै हो । बिआरआई अन्तर्गतको ऋण लिने देशहरू चिनियाँ सुरक्षा परियोजना (ग्लोबल सेक्युरिटी इनिसिएटिभ–जिएसआई)मा सहभागी हुन बाध्य हुनेछन् । चीनले बाध्य पनि पार्न सक्छ । निर्धारित समयमा ऋण र ब्याज चुक्ता नगर्ने ऋणीले साहुको इशारामा हिंड्नु स्वाभाविकै हुन्छ । फेरि साहु यदि विलियम शेक्सपियरको 'द मर्चेन्ट अफ भेनिस'को पात्र 'सायलक' जस्तो भइदिए थप बढी भनिरहनुपर्दैन । चिनियाँ राष्ट्रपतिको ग्लोबल सिभिलाइजेशन इनिसिएटिभ (जिसिआई) पनि एक किसिमले चिनियाँ सभ्यता र संस्कृतिलाई विदेशमा स्थापित गराउनु नै हो । गत वर्ष पोखरामा आयोजित डुङ्गा चलाउने प्रतिस्पर्धालाई जिसिआईको उदाहरणको रूपमा प्रस्तुत गरिएको थियो । चीनले आफ्नो नयाँ वर्षमा मनाउने गरेको 'वसन्त उत्सव'लाई जिसिआईसित जोडेको थियो ।

'एड' अन्तर्गतको फ्रेमवर्कमा परियोजनालाई अगाडि बढाउने गरी दुई देशबीच सहमति भएको हो । एड भन्ने बित्तिकै हामीले विकासको लागि सहायता भनेर बुझ्दै आएका छौं । तर यसभित्र सहुलियत दरको ऋण पनि भन्ने बुझिन्छ । कुनै योजना शुरूमा अनुदानमा दिने र त्यसलाई पछि ऋणमा परिवर्तन गर्ने पनि यसैभित्र पर्छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण चीनको ऋण सहयोगमा भएको हो । जबकि चीनले यसलाई बिआरआई अन्तर्गतको ऋण भएको दाबी गरिसकेको छ । नेपालका राजनीतिक दलहरू भन्ने यसलाई मान्न तयार छैनन् तर यथार्थता यही नै हो कि यो बिआरआई अन्तर्गतकै ऋण हो, जबसम्म नेपाल सरकारले आधिकारिकरूपमा यसबारे चिनियाँ दाबीलाई खारेज गर्दैन, तबसम्म यही बुझ्न जनता बाध्य छ । प्रधानमन्त्री ओलीको चीन भ्रमणले ऋणको भारीले थिचिएको नेपालको टाउकोमा एउटा अर्को ठूलो भारी बोकाउने काम गरेको छ ।

# 'विवाहपञ्चमी महोत्सवले नेपाल–भारतबीचको सम्बन्ध प्रगाढ'



महेन्द्रनगर (धनुषा), २० मङ्सिर/ मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले विवाहपञ्चमी महामहोत्सवले नेपाल–भारतबीचको प्राचीन सम्बन्धलाई प्रगाढ बनाउने काम गरेको बताएका छन् ।

त्रेतायुगको झझल्को दिनेगरी पाँच वर्षको अन्तरालमा भारतको अयोध्याबाट जन्ती आउने र जन्तीलाई मिथिलावासीले स्वागत गर्न पाउनु गर्वको विषय भएको मुख्यमन्त्री सिंहले बताए । उनले आजै भारतको अयोध्याबाट आएको जन्तीलाई मधेस भवनमा स्वागतसहित दिवा भोज गराएर सम्मान गरे । अयोध्याबाट रामजन्मभूमि ट्रस्टका महासचिव चम्पत रायको नेतृत्वमा झन्डै पाँच सयको सङ्ख्यामा आएको जन्तीलाई मिथिलाको परम्परा अनुसार दिवा भोजनका साथै सम्मान गरेका हुन् ।

मधेस प्रदेश सरकारका खेलकूद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालको अध्यक्षतामा स्वागत तथा सम्मान कार्यक्रम भएको थियो । रामजन्मभूमि ट्रस्टका महासचिव रायले विवाहपञ्चमी महोत्सवले नेपाल–भारतबीचको प्राचीन सम्बन्धलाई नयाँस्तरमा अझ बढी प्रगाढ बनाउने काम गर्ने बताए ।

अयोध्याका नगरप्रमुख गिरिशपति त्रिपाठीले विवाहपञ्चमी महोत्सवले नेपाल–भारतको सांस्कृतिक, धार्मिक तथा भावनात्मक एकतालाई प्रगाढ बनाएर जीवन्त बनाउने काम गरेको बताए । जन्तीलाई मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका तर्फबाट मन्त्री सकिलअलि मियाँले कम्बल वितरण गरेका थिए ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## प्रधानमन्त्रीको चीन भ्रमण: नेपालको आर्थिक हित

**अर्थविशेष**




**विश्वराज अधिकारी**
akoutilya@gmail.com


**आजभोलि हामी हरेक कुरामा खोट देख्ने र आलोचना गर्दा आनन्दको अनुभूति गर्ने मनोविज्ञानबाट बढी प्रभावित भएका हौं कि जस्तो लाग्छ। यसैगरी, निराशाले पनि हामीलाई आजभोलि अति नै सताएको हो कि जस्तो लाग्छ। घोर निराशाले हामीलाई सकारात्मकभन्दा नकारात्मक विचार बढी राख्न प्रेरित गरेको हो कि ? तर आशा राख्नु राम्रो हो।**

यो आलेख तयार पारिरहँदा नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र उनका भ्रमण दलका सदस्यहरू चीनमा रहेको र यो लेख प्रकाशित हुँदासम्ममा प्रम केपी ओली र उनका भ्रमण दलका सदस्यहरू नेपाल फर्किसकेको स्थिति हुनेछ। मङ्सिर २० गते बिहीवार ओली चीनको चार दिने भ्रमण समाप्त गरी नेपाल फर्किरहेका छन्। यता नेपालमा प्रम ओलीको भ्रमणसँग सम्बन्धित अनेक समाचार, विचार, टीका-टिप्पणी प्रकाशन र प्रसारण हुने क्रम जारी छ। केहीले ओलीको चीन भ्रमण सार्थक रहेको र केहीले उपलब्धिहीन रहेको अभिमत जाहेर गरिरहेका छन्। यी दुवै पक्षका अभिमतहरूको लेखाजोखा गर्दा ओलीको यो भ्रमण उपलब्धिहीन रहेको भन्नेहरूको सङ्ख्या बढी देखिन्छ।

**के प्रम ओलीको चीन भ्रमण उपलब्धिविहीन भएको हो त ?**

प्रम ओलीको चीन भ्रमणबारे एक धारणा निर्माण गर्नुपूर्व केही तथ्यहरूमाथि विचार गर्न आवश्यक छ। अहिले ओलीको स्थिति एक सबल प्रधानमन्त्रीको रूपमा छैन। उनी दुई दल नेपाली काङ्ग्रेस (नेका) र नेकपा एमाले मिलेर निर्माण भएको सरकारका प्रम हुन्। यी दुई दल सरकार निर्माण गर्नका लागि मिलेर कार्य गर्न तयार भए तापनि यी दुई दलका फरकफरक सिद्धान्त, दर्शन एवं विचार रहेका छन्। आर्थिक नीति पनि फरकफरक छन्। यहाँसम्मकी चीनप्रति नेका र एमालेको धारण पनि फरक छ। एमाले चीनसँग नजीक हुन खोज्छ र त्यस्तो देखाउँछ पनि तर नेकाले चीन र भारतलाई समदूरीमा राखेको देखाउन खोजे पनि व्यवहारमा भने भारतसँग नजीक हुन खोज्छ। पछिल्लो समयमा नेका चीनप्रति केही उदार देखिएको छ तर उसको त्यो उदारता उसले भारतलाई देखाउन खोज्दैन। यो तथ्य चीनलाई राम्ररी थाहा छ। चीन, नेपालमा कम्युनिस्टहरूको र खासगरी एमालेको सरकारको स्थितिमा नेपाललाई विशेष किसिमले आर्थिक सहयोग गर्ने रणनीति राख्छ। अहिलेको यो स्थिति, सरकारमा नेकाको महत्त्वपूर्ण स्थिति, चीनको लागि अनुकूल स्थिति होइन। यो कारणले पनि ओलीको यो भ्रमणमा चीनले नेपाललाई विशेष किसिमले आर्थिक सहयोग गर्ने घोषणा गरेको छैन। नेपाललाई अनुदान होइन ऋण लिन आग्रह गरिरहेको छ, दबाब दिइरहेको छ।

राष्ट्रको आर्थिक विकासबारेमा कम, आफ्नो दल र आफ्नो व्यक्तिगत विकासबारे बढी सोच्ने अनुभवहीन, अदूरदर्शी तथा मौकापरस्त राजनीतिक दल तथा तिनका नेताहरूले अहिलेसम्म पनि चीनप्रति समान धारणा निर्माण गर्न सकेका छैनन्। चीनको सुरक्षाप्रति र एक चीन नीतिप्रति, मुख्यगरी तिब्बतप्रति नेपालका सबै राजनीतिक दलले समान धारणा राखिदिऊन् भन्ने इच्छा मात्र होइन, पूर्वशर्त राख्छ, चीनले। र यो शर्त पूरा हुने स्थिति नदेखिएसम्म चीन नेपाललाई ठूलो आर्थिक सहयोग गर्न वा नेपालमा ठूलो लगानी गर्न वा नेपालबाट ठूलो मात्रामा आयात गर्न इच्छुक एवं तत्पर देखिंदैन। नेपालका दुई छिमेकी भारत र चीनको नेपालप्रतिको धारणा पृथक छन्। चीनले नेपाललाई एक स्वतन्त्र तथा सार्वभौमसत्ता सम्पन्न राष्ट्रको रूपमा मान्छ र सोही अनुसार व्यवहार गर्छ पनि। नेपालको सन्दर्भमा चीनले नेपालमा 'माइक्रो मैनेजमेन्ट' गर्दैन। नेपालले यो व्यक्तिलाई चीनको राजदूत बनाउनुपर्ने भनी चीनले माग गर्दैन।

भारतको नेपालप्रतिको दृष्टिकोण ज्यादै पृथक छ। भारतले नेपाललाई एक स्वतन्त्र एवं सार्वभौमसत्ता सम्पन्न राष्ट्रको रूपमा स्वीकार गर्दैन। स्वीकार गरेको प्रदर्शित गरे तापनि व्यवहारमा त्यस्तो गरेको देखिंदैन। दिल्लीले लाजिम्पाट (भारतीय दूतावास)बाट नेपालको राजनीतिमा सक्रिय भूमिका खेल्छ। नेपालकको राजनीतिलाई 'माइक्रो मैनेजमेन्ट' गर्छ। यतिमात्र होइन, दिल्लीले नेपाल चीनको नजीक भएको देख्न चाहँदैन।

चीन एक व्यापारी देश हो। कुनै पनि अर्को देशसँग सम्बन्ध सुमधुर राख्नुपूर्व चीनले त्यस देशबाट आफ्नो आर्थिक हित कति पूरा हुन्छ, त्यसलाई प्राथमिकता दिन्छ। यो कारणले गर्दा नै विपरीत सिद्धान्त राख्ने अर्थात् कम्युनिस्ट चीनले प्रजातन्त्रवादी अमेरिकासँग घनिष्ठ व्यापारिक सम्बन्ध राख्न सदा तत्पर रहन्छ। नेपालमा लगानी गर्दा आफ्नो लगानीको प्रतिफल र भविष्य कस्तो हुने हो ? नेपालका राजनीतिक दलहरूले चीनको आर्थिक हितलाई कति महत्त्व दिने हुन् ? यी प्रश्नहरूको सकारात्मक जवाफ मात्र होइन, चीनले त्यसप्रति वचनबद्धता पनि माग गर्छ।

अब प्रम ओलीको चीन भ्रमणको आर्थिक उपलब्धिहरूबारे चर्चा गरौं। ओलीको नेतृत्वमा रहेको नेपाली पक्षले चीनबाट ऋण लिने इच्छा जाहेर नगर्नु र अनुदान प्राप्त गर्ने इच्छा जाहेर गर्नु उपयुक्त नै मान्नुपर्छ। ऋणले नेपालको अर्थतन्त्रलाई दीर्घकालसम्म प्रभाव पार्छ। त्यति मात्र होइन, त्यो ठूलो ऋणले चीनलाई नेपालको राजनीतिमा भूमिका खोज्ने अवसरसमेत प्रदान गर्छ। अर्को महत्त्वपूर्ण कुरा, ऋण नै लिने हो भने पनि नेपाल चीनसँग मात्र होइन, अन्य राष्ट्रहरूबाट पनि अनेक सुविधा र शर्तहरूसहितको ऋण लिन स्वतन्त्र छ। चीन छिमेकी भएको हुनाले नै नेपालले चीनसँग ऋण लिनुपर्ने कतै कुनै कारण देखिंदैन। त्यही तथ्य भारतसँग ऋण लिंदा पनि लागू हुन्छ।

नेपालले चीनसँग अनुदान लिनु पनि नेपालको आर्थिक विकासको लागि हितकर देखिंदैन। अनुदानले एकातिर निर्भर हुने प्रवृत्तिलाई प्रोत्साहित गर्छ भने अर्कोतिर आफ्नो स्रोत र साधनको कसरी विकास गर्ने हाम्रो सोचलाई दुरुत्साहित गर्छ। हामी अनुदान र ऋणमा बाँचेको धेरै भयो। अब हामीले आफ्नो स्रोत र साधनको विकास गर्नमा जोड दिने उपयुक्त समय आएको छ। विदेशमा ठूलो सङ्ख्यामा नेपालीहरू अहिले बसोबास गरिरहेका छन्। यीमध्ये धेरैले राम्रो आर्जन र बचतसमेत गरिरहेका छन्। यदि विदेशमा बसेका नेपालीहरूको बचतलाई नेपालको आर्थिक विकासमा प्रयोग गर्ने हो भने नेपालले आर्थिक सहयोगका लागि विभिन्न राष्ट्र र सङ्घसंस्थाहरूको अगाडि हात पसार्नुपर्दैन। ऋण सहयोग माग्नुपर्दैन। एक राम्रो लगानी नीति तयार पारेर विदेशमा रहेका नेपालीहरूको बचतलाई नेपालको आर्थिक विकासमा प्रभावकारी किसिमले प्रयोग गर्न सकिन्छ। यसैगरी, रोजगारका लागि खाडीका देशहरूलगायत अन्य राष्ट्रहरूमा पुगेका नेपालीहरूको आर्जनलाई पनि नेपालको आर्थिक विकासमा प्रभावकारी किसिमले प्रयोग गर्न सकिन्छ।

पुनः चर्चा प्रम ओलीको चीन भ्रमणको नै गरौं। अहिलेको लागि चीन पुगेको नेपाली पक्षले चीनलाई ठूलो परिमाणमा नेपाली सामानहरू आयात गर्न राजी गराउनु नै यो भ्रमणको ठूलो उपलब्धि मानिनेछ। अहिले हामीले बिआरआईबारे चर्चा गरेर टाउको दुखाउनुको कुनै अर्थ छैन। बिआरआई अन्तर्गतको कुनै पनि किसिमको आर्थिक सहयोग नेपाललाई प्राप्त नभएमा नेपालमा कुनै ठूलो पहाड खस्ने स्थिति छैन। पहिरो जाने स्थिति पनि छैन। बिआरआई अन्तर्गत सहयोग (प्राप्त भएन)बारे नेपालका सञ्चारमाध्यम एवं बुद्धिजीवीहरूले नकारात्मक विचारहरू प्रसारण एवं प्रकाशन गर्नु उपयुक्त देखिंदैन। नेपाली पक्षले चिनियाँ नागरिकहरू ठूलो सङ्ख्यामा नेपाल भ्रमणमा आउनेबारे एक ठोस नीति चिनियाँ अधिकारीहरूसमक्ष पेश गरेर ठूलो सङ्ख्यामा चिनियाँहरू नेपाल भ्रमणमा आउने वातावरण तयार पार्नु पनि ओलीको चीन भ्रमणको उपलब्धि मानिनेछ।

प्रम ओलीको चीन भ्रमणलाई आर्थिक उपलब्धिको कसीमा राखेर हेर्नुभन्दा नेपाल-चीन सम्बन्धलाई थप सुमधुर पार्न ओली सरकारले गरेको पहलको रूपमा हेर्नु उपयुक्त हुनेछ। सद्भावना भ्रमणको रूपमा ओलीको चीन भ्रमणलाई सफल मान्नुपर्छ। ओलीको चीन भ्रमणको चर्चा गर्दा हामीले व्यक्ति ओली र प्रम ओली गरी उनको स्थितिलाई दुई भागमा विभाजित गर्न उपयुक्त हुनेछ। व्यक्ति ओलीको रूपमा उनी जे जति विवादित भए तापनि, कुनै एक दलको प्रमुख भए तापनि, उनले अनेक नेताहरूसँग प्रतिशोधको भाव राखे तापनि प्रम ओलीको रूपमा उनी देशका प्रधानमन्त्री हुन्। अहिले व्यक्ति ओली चीन पुगेको होइन, नेपालको प्रम ओली चीन पुगेको हो।

सारमा भन्नुपर्दा हामीले प्रधानमन्त्री केपीशर्मा ओलीको चीन भ्रमण सफल मान्नुपर्छ। आजभोलि हामी हरेक कुरामा खोट देख्ने र आलोचना गर्दा आनन्दको अनुभूति गर्ने मनोविज्ञानबाट बढी प्रभावित भएका हौं कि जस्तो लाग्छ। यसैगरी, निराशाले पनि हामीलाई आजभोलि अति नै सताएको हो कि जस्तो लाग्छ। घोर निराशाले हामीलाई सकारात्मकभन्दा नकारात्मक विचार बढी राख्न प्रेरित गरेको हो कि ? तर आशा राख्नु राम्रो हो।

## वित्तीय साक्षरता र गरीबीको सम्बन्ध

**विचार**




**अच्युतकुमार ओझा**


**हामीले बुझ्नुपर्ने कुरा के हो भने कैयौ शिक्षकले ज्ञान दिन्छन्, त्यसलाई ऊ आफैं कार्यमा रूपान्तरण गर्न लागिपर्दैन तर एउटा विद्यार्थी त्यही शिक्षकबाट प्राप्त ज्ञानलाई बजारको समस्या समाधान गर्नको लागि कार्यमा रूपान्तरण गर्ने आँट गर्छ, तब ऊ सफल भएर निस्कन सक्छ।**

वित्तीय साक्षरता कार्यक्रमहरूमा आजकल केही चल्तीका प्रश्नहरूमा छलफल हुने गरेको पाइन्छ। के कुनै पनि व्यक्तिसँग वित्तीय शिक्षा पर्याप्त छ भने ऊ धनी हुन्छ ? वित्तीयरूपमा साक्षर हुनु सम्पत्तिको मालिकका लागि हकदार हुनु हो ? वित्तीय साक्षरता भएर पनि मान्छे किन गरीब हुन्छ ? वित्तीय साक्षरताले भरिएकाहरू किन सीमित साधन स्रोतले आफ्नो जीविका धान्न बाध्य छन् ? स्वयम् साक्षरता सिकाउने व्यक्ति स्वतन्त्र छैन भने सिक्ने व्यक्ति स्वतन्त्र हुन सम्भव छ ? त्यसो हो भने केका लागि वित्तीय साक्षरता सिक्न आवश्यक छ ? यस्ता प्रश्नहरूलाई एक ठाउँमा राखेर हेर्दा आर्थिक स्वतन्त्रताको पहिलो पाइला वित्तीय साक्षरता हो तर यो पूर्ण र अन्तिम होइन भन्न सकिन्छ। यसैले भनिन्छ, धनको नियम नै सपना, साक्षरता, सङ्कल्प र सङ्घर्ष हो।

मानिसले वित्तीय साक्षरताको माध्यमबाट सम्पन्नतासम्म पुग्ने बाटो पहिचान गर्न सक्छ तर बाटोको यात्रा यतिले मात्रै पूरा हुन सक्दैन। यसको लागि मार्गमा हिंड्नुपर्छ, हिंड्ने तयारी गरेर मात्रै गन्तव्यमा पुग्न सकिंदैन। केवल ज्ञानले मात्रै पुग्दैन, सँगसँगै अभ्यासमा जान नसक्ने हो भने मानिस वित्तीय ज्ञानी हुन सक्छ तर स्वतन्त्र हुन सक्दैन। हरेक ज्ञानलाई जबसम्म कार्यमा बदल्ने हिक्मत रहँदैन, त्यो ज्ञानको कुनै अर्थ रहँदैन, त्यसले कुनै लक्ष्य भेटाउन सक्दैन, त्यसले जीवनमा कुनै उपलब्धि ल्याउन सक्दैन। हामीले बुझ्नुपर्ने कुरा के हो भने कैयौ शिक्षकले ज्ञान दिन्छन्, त्यसलाई ऊ आफैं कार्यमा रूपान्तरण गर्न लागिपर्दैन तर एउटा विद्यार्थी त्यही शिक्षकबाट प्राप्त ज्ञानलाई बजारको समस्या समाधान गर्नको लागि कार्यमा रूपान्तरण गर्ने आँट गर्छ, तब ऊ सफल भएर निस्कन सक्छ। तपाई आर्थिक समृद्धि नभएका तर ज्ञान भएका व्यक्तिबाट नै शिक्षा लिएर त्यसलाई आयमा बदल्न थाल्नुभयो भने हो शिक्षा दिने व्यक्तिले स्वतन्त्रता नपाए पनि तपाईंको आर्थिक स्वतन्त्रता कसैले रोक्न सक्दैन।

वित्तीय ज्ञान हुने बित्तिकै आर्थिक स्वतन्त्रता सम्भव छैन तर स्वतन्त्रताको लागि बन्द रहेका ढोका ढकढकाउने एउटै उपाय हो, वित्तीय साक्षरता। तसर्थ वित्तीय साक्षरता भएर पनि मान्छे गरीब हुने गर्छ। मानिसभित्र रहने निम्न केही पक्षहरूले नै मानिस धनी वा गरीब हुने गर्छ।

**अभ्यास** : आर्थिक स्वतन्त्रताको दृष्टिकोणले हेर्ने हो भने जबसम्म ज्ञानको चक्र तोडेर कर्ममा रूपान्तरण गरिंदैन, तबसम्म त्यो ज्ञान लाखौंपटक सिके पनि मानिस त्यही स्थानमा हुनेछ, जुन स्थानमा ऊ ज्ञान लिनुभन्दा अगाडि थियो। त्यसैले तपाईंको सफलता कतिपटक पढ्नुभयो, ज्ञान लिनुभयो वा सिक्नुभयोमा मात्रै निर्भर नभई त्यो ज्ञानलाई आफ्नो व्यवहारमा कति खरो ढङ्गले उतार्नु भयो कि भएन त्यसमा भर गर्छ। जब वित्तीय ज्ञान व्यक्तिले पाउँछ, ऊ ज्ञानी त होला तर उसले त्यसलाई अभ्यासमा ल्याएन वा ल्याउन सकेन भने ऊ धनी हुन सक्दैन। यसैले मानिस वित्तीय ज्ञान भएर पनि गरीब हुने गर्छ। उदाहरणको रूपमा एउटा व्यक्तिले पौडी खेल्ने सम्पूर्ण सैद्धान्तिक ज्ञान पटकपटक लिन्छ तर ऊ कहिले पौडी खेल्ने अभ्यास गर्दैन भने के उसलाई कुनै खोलामा लगेर छोडिदिने हो भने पनि पारि किनारामा पुग्न सम्भव छैन। हो वित्तीय साक्षरताले पनि मानिसलाई धनी हुनको लागि सिद्धान्त सिकाउँछ। यदि त्यसलाई अभ्यासमा ल्याउन नसक्ने हो भने मान्छे धनी हुन सक्दैन, त्यही पौडीबाज जस्तै हुनेछ। जबसम्म वित्तीय ज्ञानलाई अभ्यासमा रूपान्तरण गरिंदैन, तबसम्म मान्छे गरीब नै रहन्छ।

**डर** : रोबर्टी कियोसाकीले 'धनी बुबा गरीब बुबा' पुस्तकमा भने जस्तै हरेक व्यक्तिको मनभित्र डररूपी चल्ला हुने गर्छ। आर्थिक निर्णय गर्दैगर्दा मान्छेले परिवार, आफ्नो भविष्य, समाजको दबाब, प्रतिस्पर्धा, आफन्तको सुझाव, आफ्ना मूल्य, मान्यता र जिम्मेवारीका कारण जोखिमभन्दा बढी असुरक्षित महसूस गर्छ। यही डरका कारण मानिससँग वित्तीय ज्ञान भएर पनि प्रतिफलको लागि जोखिम वहन गर्न डराउँछ र उसले त्यो कारोबार नै गर्दैन, जसले उसलाई भविष्यमा आर्थिक स्वतन्त्रता दिन सक्नेछ। उसले हरेक क्रियाकलापमा नकारात्मकता पाउँछ, घाटा देख्छ, प्रतिस्पर्धी आफूभन्दा बलियो रहेको ठान्छ, आफू प्रतिस्पर्धा गर्न अक्षम भएको महसूस गर्छ, बजारमा टिक्नै नसक्ने कमजोर ठान्छ। यसले गर्दा कतै आफ्नो मूल धन नै गुम्ने त होइन, फलानो बिग्रेको, ढिस्कानो ओरालो लागेको जस्ता उदाहरण लिंदै आफ्नो हुँदाखाँदाको सहज जीवन कतै नबिग्रियोस् बरु यति नै ठीक छ भन्ने डरका कारण जब वित्तीय ज्ञान भएर पनि मानिस आफ्ना सीमित कर्ममा खुम्चन चाहन्छ। त्यस्तो डरका कारण वित्तीय ज्ञान भएर पनि मान्छे गरीब हुन सक्छ।

**लोभ** : हरेक व्यक्तिमा आशा र लोभ हुने गर्छ। भलै कसैमा बढी होला, कसैमा कम हुने गर्छ तर प्रत्येक व्यक्तिभित्र लोभ छ भन्दा अन्यथा नरहला। जब मानिसहरूमा अत्यधिक लोभको मात्रा देखिन थाल्छ, तब उसले आफूले गरेका कारोबारहरूमा अझै मुनाफा हुने उच्च विश्वास राख्छ। यस्तो विश्वास तबसम्म भइरहन्छ, जबसम्म ऊसँग अझै धेरै कमाउने लोभ भइरहन्छ। यसले गर्दा ऊ आफूले खरीद गरेका वस्तुहरू बिक्री गर्न चाहँदैन। जब वस्तुको मूल्यले एउटा स्तर छुन्छ र फेरि ओरालो लाग्छ, त्यस समयमा यस्ता व्यक्तिहरू त्यसरी झरेको मूल्यबाट फर्किएर पहिला पुगेको उच्च बिन्दुमा पुग्यो भने बिक्री गर्ने सोचमा पुग्छन्। त्यसपछि यथार्थमा बजारमा कारोबारको मूल्य बढ्न खोजेको जस्तो देखिन्छ तर पहिलाको उच्च बिन्दुलाई भेट्न सक्दैन र त्यसैबाट तलतिर झर्न थाल्छ, तब वित्तीय साक्षरता भएर पनि आफूभित्रको लोभलाई नियन्त्रण गर्न नसक्दा यस्ता लगानीकर्ताहरू फेरि

(बाँकी चौथो पातामा)

## 'राजस्व चुहावट नियन्त्रण गर्न सशक्त ढङ्गले काम गर्नुपर्ने'


हिमाल लम्साल


वीरगंज, २० मङ्सिर/रासस

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा कृष्णहरि पुष्करले राजस्व चुहावट नियन्त्रण गर्न सशक्त र प्रभावकारी ढङ्गले काम गर्न निर्देशन दिएका छन्।



राजस्व अनुसन्धान कार्यालय, पथलैयाले बिहीवार आयोजना गरेको राजस्व चुहावट नियन्त्रणसम्बन्धी अन्तर्क्रिया तथा छलफल कार्यक्रममा उनले बारा, पर्सा र रौतहटका प्रशासक तथा सुरक्षा निकायका प्रमुखहरूलाई समन्वयात्मक ढङ्गले काम गर्न निर्देशन दिएका छन्।

"सरकारले तोके अनुसारको राजस्व सङ्कलन गर्न सकिरहेको छैन। तपाईहरूले आआफ्नो ठाउँबाट समन्वयात्मक ढङ्गले सशक्त काम गर्न जरुरी छ," उनले भने, "एउटा निकायले अर्को निकायलाई दोषारोपण गरेर होइन। हातेमालो गरेर सरकारको लक्ष्य भेटाउने गरी काम गर्न अनुरोध गर्छु।"

उनले सरकारी निकायले निजी क्षेत्रसँग सहकार्य र हातेमालो गरेर राजस्व बढाउनेतर्फ अग्रसर हुन अनुरोध गरे। "निजी क्षेत्रलाई हतोत्साही ढङ्गले नभई हातेमालो गरेर अघि बढाउन जरुरी छ," उनले भने, "कतिपय धेरै खालका समस्या स्थानीयस्तरबाटै समाधान गर्नेतर्फ अग्रसर हुन अनुरोध गर्छु।"

वीरगंज उद्योग वाणिज्य सङ्घका कार्यवाहक अध्यक्ष हरि गौतमले मुलुकमा अनौपचारिक कारोबार बढेकाले पनि सरकारले अपेक्षाकृत ढङ्गले राजस्व सङ्कलन गर्न नसकेको बताए।

उनले भने, "हाम्रो राजस्व सङ्कलन गर्ने पद्धति नै सुधार गर्नुपर्ने देखिन्छ।

(बाँकी चौथो पातामा)

# मलको हाहाकार र दिगो विकास

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**खेती गर्ने मुख्य समयमा किसानले निर्धक्क साथ खेतीमा लाग्नुको साटो दिनहुँजसो मलका लागि भौंतारिनुपरेको छ । विशेषतः मल पाउँदैन, पाइहाले पनि आवश्यकताभन्दा अत्यन्त न्यून र त्यो पनि लामो समयको पर्खाइपछि ।**

यतिबेला तराई–मधेसमा किसानलाई गहुँ, चना, मसुरो, तोरीलगायतका हिउँदे बाली लगाउने मौसम शुरू भएको छ। गहुँ, चना, मसुरो, तोरीलगायतका हिउँदे बाली लगाउने मौसमले किसानहरूलाई भ्याइनभ्याइ चटारो छ तर कृषिप्रधान मुलुक नेपालमा ती बाली लगाउने मुख्य सिजनमा नै रासायनिक मल नपाएपछि किसानहरू नराम्ररी पिरोलिएका छन् । मल अभावले किसानले बाली लगाउन सकेका छैनन् । सत्ताको हानथाप र पद लोलुपतामा होमिएका राजनीतिक दल र त्यसका नेताले किसानहरूको यो समस्याप्रति कुनै चासो नदेखाउनु आफैंमा विडम्बनापूर्ण त छँदैछ, त्यसमा पनि सरकार किसानको यो अवस्थाप्रति मूकदर्शक बन्नु र मल आपूर्तिलाई सहज बनाउनेतर्फ कुनै ठोस र प्रभावकारी प्रयाससमेत नगर्नु ज्यादै चिन्ताको विषय हो । खेतीको मुख्य सिजनमा मलको अभाव खेप्नु नेपाली किसानहरूका लागि नियति जस्तै बनेको भन्दा अतिशयोक्ति नहोला । खेतीको मुख्य सिजनमा प्रत्येक वर्ष नेपाली किसानले मलको अभाव झेलिरहेका छन् तर यो विडम्बनापूर्ण अवस्थाको अन्त्य कहिल्यै हुन सकेन । प्रायः सबै सरकारले कृषि र किसानलाई मुख्य प्राथमिकतामा राखिएको भने पनि यी दुवै क्षेत्र जहिले पनि राज्यद्वारा अपहेलित र उपेक्षित छन् । राष्ट्रिय उत्पादनमा एक तिहाइ भूमिका निर्वाह गर्ने र दुई तिहाइ जनताको जीविकोपार्जनको मुख्य पेशा रहेको कृषि क्षेत्रलाई सबल र सक्षम बनाउन नसक्नु नै नेपालको दिगो विकास हुन नसक्नु हो।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि कृषि क्षेत्रमा आमूल परिवर्तन र सुधार भई ग्रामीण क्षेत्रको आर्थिक–सामाजिक रूपान्तरण भएर समाजबाट गरीबी र भोकमरी हट्ने आशा र विश्वास आम नेपाली जनताले लिएको थियो । जसलाई स्वाभाविक नै मान्नुपर्छ । मुलुकमा वैज्ञानिक भूमिसुधार गरी उत्पादन शक्ति किसानलाई बढी प्रतिस्पर्धी बनाएर सामाजिक न्याय दिलाउने तथा कृषिको उत्पादन र उत्पादकत्व बढाएर किसानको जीवनस्तर माथि उकास्नुका साथै भोकमरीबाट मुलुकलाई जोगाउने जस्ता गणतान्त्रिक सरकारहरूको प्रमुख प्राथमिकता क्षेत्र कृषि केवल ओठेभक्तिमा मात्र सीमित हुन पुगेको देखिन्छ। कृषिमा सुधार र आमूल परिवर्तनका कुरा त परै जाओस्, कृषिका लागि अति आवश्यक मल र उन्नत बीउको सहज आपूर्ति र बन्दोबस्तसमेत अहिलेसम्मका कुनै पनि सरकारले गर्न सकेका छैनन्। समय घर्केपछि लगाइने बालीले उत्पादन प्रक्रिया नै प्रभावित हुन्छ । बहुसङ्ख्यक जनता कृषिमा आधारित भएको मुलुकमा मलकै चिरकालीन अभाव हुनु ज्यादै लज्जाको विषय हो। सरकारले तय गरेको प्रणालीबाट मल नपाउँदा किसानले बाध्यकारी र जोखिमपूर्ण दुई विकल्प अपनाउँछन्। पहिलो, बजारबाट महँगोमा खरीद गर्छन् । यसले कुनै पनि बाली लगाउन नियमित र आकलन गरिएभन्दा बढी लागत सिर्जना हुन्छ । उसै पनि महँगो हुँदै गएको तर लागत अनुसारको प्रतिफल सुनिश्चित नभएको कृषिमा थप जोखिम निम्तिन्छ ।

दोस्रो, सीमा क्षेत्रका किसानले सम्भव भएसम्म भारतबाट आफैं मल ल्याउँछन्। यो बाध्यता आर्थिक दृष्टिले असुरक्षित र कानूनी दृष्टिले दण्डनीय हो । कहिलेकाहीं मल अभावले सङ्गठित र व्यवस्थित कालोबजारीलाई प्रोत्साहन गरेको पनि पाइन्छ। त्यसले अराजकता बढाउने गरेको छ। नेपालमा मल अभाव हुनुका मुख्य दुई कारण छन् । पहिलो, सरकारकै लापरवाहीले बाह्य मुलुकबाट मल आउने प्रक्रियामैं ढिलाइ हुने र त्यसले नै अभाव सिर्जना हुने गरेको छ । सरकारले खरीदका लागि छुट्याएको बजेट अनुसार आयात गरिने मलका लागि कृषि सामग्री कम्पनी लिमिटेडले ७० प्रतिशत र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले ३० प्रतिशत मल खरीदको जिम्मा पाउने गरेका छन् । यी दुई कम्पनीले ग्लोबल टेन्डरमार्फत मल आयात गर्छन्। तर यो प्रक्रिया तीनदेखि छ महीनासम्म लम्बिने गरेको छ । यसबीचमा अन्तर्राष्ट्रिय बजारमा मलको मूल्यमा हुने उतारचढावका कारण यहाँ निश्चित गरिएको मल आयातसमेतमा अवरोध हुने गरेको छ । आयात गर्ने सम्झौता भएका कम्पनीहरूले नै मल नल्याइदिने गरेका छन्। जसले गर्दा यहाँको सञ्चितिमा असर पर्ने गरेको छ। ग्लोबल टेन्डर अनुसार मल ल्याउने सम्झौता गरेर पनि नल्याउने कम्पनीलाई कुनै कारबाही गर्ने गरिएको पाइँदैन । बरु अर्कोपटक तिनै कम्पनीले आयातको जिम्मा पाउने गरेका छन् । यस्तो हुनुमा कमिशनको खेल हुने गरेको बताइन्छ । त्यसैले एकपटक त्यस्तो बदमाशी गर्ने कम्पनीले टेन्डर प्रक्रियामा पुनः भाग नै लिन नपाउने गरी निर्णय गर्न सक्नुपर्छ । ग्लोबल टेन्डरमार्फत मल खरीद गर्दा लाग्ने महीनौंको समयावधिलाई छोट्याउने गरी कानून संशोधन गर्नु पनि त्यत्तिकै आवश्यक छ । 'जिटुजी' प्रक्रियालाई व्यवस्थित बनाएर नियमित मल आयात हुने स्थिति निर्माण गर्न पनि आवश्यक छ । 'जिटुजी'मार्फत मल खरीद गर्दा अभाव कम हुने गरेको विगतको अनुभवबाट पनि सिक्न सकिन्छ । यसैगरी, मल आयातपछि सहकारीमार्फत वितरण हुने र स्थानीय तहले माग गर्ने आधारमा प्रदेशगतरूपमा मलको कोटा तोक्ने गरिएको पाइन्छ । यस क्रममा राजनीतिक पहुँचको प्रयोग बढी हुने र फलस्वरूप कतिपय स्थानीय तहमा आवश्यकताभन्दा बढी मल पुग्ने तर कतिपयमा अभाव निम्तिने गरेको पाइन्छ। खाद्य सुरक्षाको दृष्टिले पनि रासायनिक मल बाध्यता हो । यसकै लागि वार्षिक अर्बौं रुपैयाँ बाहिरिने गरेको छ । रासायनिक मल खरीदका लागि सरकारले चालू आर्थिक वर्षमा २७ अर्ब ९५ करोड रुपैयाँ विनियोजन गरेको छ भने करीबकरीब यही हाराहारीमा प्रत्येक वर्ष रकम बाहिरिने गरेको छ। फलस्वरूप पछिल्लो समयदेखि स्वदेशमैं रासायनिक मलको कारखाना खोल्नुपर्ने बहस चर्कोरूपमा उठ्न थालेको छ। सरकारले आफ्नो बजेटमार्फत यस्तो कारखाना खोल्ने घोषणा पनि गर्दै आएको छ। तर पनि अहिलेसम्म नेपालमा मल कारखाना खुल्न सकेको छैन।

वास्तवमा मुलुकको समृद्धिको आधार र भविष्यसँग गाँसिएको विषय नै कृषि हो । उन्नत, औद्योगिक र विकसित समाजको निर्माणको आधार पनि कृषिलाई नै लिने गरिएको छ । कृषि मुलुकको भविष्य र सम्भावना पनि हो। तर नीति निर्माता र निर्णयकर्ताहरूको स्वार्थका कारण मलको सहज आपूर्ति हुन सकेको छैन। मुलुकमा कृषिका लागि वार्षिक ५/६ लाख मेट्रिक टन रासायनिक मलको आवश्यकता पर्ने कृषि तथा सहकारी मन्त्रालयको अनुमान छ। तर गैरसरकारी सङ्घसंस्थाहरूले गरेको अनुमान र उत्पादनशील जमीनलाई विश्लेषण गरेर हेर्ने हो भने मुलुकमा करीब ८/९ लाख मेट्रिक टन रासायनिक मलको आवश्यकता पर्ने हुन्छ। सरकारी तथ्याङ्कलाई नै आधार मान्ने हो भने ५/६ लाख मेट्रिक टन मल आपूर्ति गर्नुपर्ने ठाउँमा सरकारले त्यसको एक चौथाइ अर्थात् झन्डै एक लाख २० हजार मेट्रिक टन मल मात्र ल्याउने जनाएको छ। मागको अनुपातमा अत्यन्त कम मल ल्याएर कनिका छरेजस्तो छरेर मलको हाहाकार मचाउनमा सरकार स्वयम् लागिपरेको देखिन्छ। पर्याप्त मात्रामा मलको आपूर्ति हुन नसकेर उपलब्ध मलमा नै लुँछाचुँडी गर्न किसानहरू बाध्य हुनुपरेको छ भने अर्कोतिर त्यही अनुदानको मलमा कालोबजारीसमेत हुने गरेको कुरा पटकपटक सञ्चारमाध्यमबाट सार्वजनिक भइरहेका छन्। मलको आपूर्ति गर्ने जिम्मा लिएका कृषि सामग्री कम्पनी लिमिटेडका कर्मचारी र केही सहकारी सञ्चालकहरूको मिलेमतोमा मलको कालोबजारी हुने गरेको तथ्य पटकपटक सार्वजनिक हुने गरेको छ तर पनि मलको आपूर्ति व्यवस्थालाई सहज र पारदर्शी बनाउने तथा मलको कालोबजारी रोक्ने सम्बन्धित निकाय मूकदर्शक बनेर बसिदिंदा किसानलाई झन् अप्ठ्यारो परेको छ।

एकातिर माग अनुसारको मल आपूर्ति हुन नसक्नु र अर्कोतिर आपूर्ति भएका मलमा समेत कालोबजारी भई अनुदानको त्यो मल नै किसानले चर्को मूल्यमा व्यापारीहरूबाट खरीद गर्नु, सरकारी संयन्त्रको कमजोरी र चरम लापरवाहीबाहेक अरू केही हुन सक्दैन। खेती गर्ने मुख्य समयमा किसानले निर्धक्क साथ खेतीमा लाग्नुको साटो दिनहुँजसो मलका लागि भौंतारिनुपरेको छ । विशेषतः मल पाउँदैन, पाइहाले पनि आवश्यकताभन्दा अत्यन्त न्यून र त्यो पनि लामो समयको पर्खाइपछि। कतिपय अवस्थामा लामो समयसम्म लाइनमा बसेर पनि अन्त्यमा आफ्नो पालोमा मल सकिएर रित्तो हात फर्कनुपरेको अवस्था किसानहरूले भोगिराखेका छन् । मुलुकलाई आवश्यक पर्ने मलको परिमाणलाई दृष्टिगत गरी माग, आपूर्ति र अनुदानमा सन्तुलन कायम गर्नु उपयुक्त हुन्छ । यसका साथै मलको आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी बनाउनका लागि आयातमा मात्र भर पर्नुपर्ने अवस्थाको बिस्तारै अन्त्य गर्दै जानुपर्छ । यसका लागि स्वदेशी उत्पादनलाई प्राथमिकता र प्रोत्साहन दिई मलमा आत्मनिर्भर हुने अवस्थाको सृजना गर्नु नै सबैभन्दा उपयुक्त उपाय हुन सक्छ।

# दूध बेचेर वार्षिक २० लाख कमाइ

ढोरपाटन, २० मङ्सिर/रासस

बागलुङको काठेखोला गाउँपालिका–६ बिहुँका ४१ वर्षीय सुरेश कँडेल १० वर्षअगाडि लन्डन पुगे। रोजगारका लागि विदेशमा राम्रो कमाइ हुने आशाले लन्डन पुगेका कँडेल पाँच वर्षपछि स्वदेश फर्किए।

विदेशको दुःख देखेपछि स्वदेश फर्किएका उनले काठमाडौंमा पाँच वर्ष होटल व्यवसाय गरे । होटल व्यवसाय राम्रो भएपनि उनलाई गाउँघरको यादले



सताइरह्यो। आधा दशक होटल व्यवसाय गरेका सुरेश अन्ततः विसं २०७७ मा गाउँ फर्के । उनी गाउँ फर्कने समयमा देशभर कोरोना सङ्क्रमण फैलिंदो थियो। कोरोना सङ्क्रमणका कारण गाउँमा पनि अन्य काम गर्ने वातावरण थिएन। कँडेलका घरमा बाबाआमाले पहिलेदेखि नै सामान्यरूपमा दूध बिक्री गर्दै आएका थिए। गाउँपालिकाले दुग्ध उत्पादन गर्ने किसानलाई भैंसी अनुदान दियो।

अनुदानमा पाएको भैंसीले सुरेशलाई दूध उत्पादनमा लाग्ने हौसला दियो । उनले थप दुईवटा भैंसी लिएर व्यावसायिकरूपमैं दूध उत्पादन गर्ने निधो गरे। अहिले उनी जिल्लामैं दुग्ध उत्पादन गर्ने अब्बल किसानका रूपमा परिचित छन् । सुरेशको भैंसीपालन व्यवसाय फस्टाउँदै गएपछि आम्दानी पनि राम्रो हुँदै गएको छ। अहिले उनलाई लन्डनमा नमिलेको खुशी भैंसी पालेर मिलेको छ। उनले भैंसी पाल्न थालेपछि वरपरका अन्य किसानले पनि व्यावसायिकरूपमा दूध उत्पादनमा लागेका छन्।

कँडेललाई अहिले घरपरिवारको पनि दरिलो साथ छ। चार वर्षअगाडि फार्म दर्ता गरेका कँडेलले वार्षिक १५ हजार लिटर दूध बिक्री गर्दै आएका छन्। रु दुई लाखबाट शुरू गरेको व्यवसायमा हालसम्म रु २५ लाख बढी लगानी उनले गरिसकेका छन्। उनको फार्ममा हाल सात उन्नत जातका भैंसी छन्। बागलुङ बजार नजीक रहेको हुँदा दूध खपत राम्रो छ। कँडेलले वार्षिक रु २० लाखको दूध बिक्री गर्दै आएका छन्।

विदेशमा दुःख गर्नुभन्दा परिवारसँगै घरगोठ र बारीमा काम गरे पनि राम्रो आम्दानी गर्न सकिने उनको भनाइ छ। लन्डन पुगेका बेला स्पेन, पोर्चुगल, फ्रान्ससमेत घुमेको अनुभव सुनाउँदै त्यो ठाउँमा बस्न मन नलागेपछि स्वदेश फर्केको कँडेलले बताए। विदेशको ठूलो सपना देखे पनि त्यहाँको जति दुःख आफ्नै खेतबारीमा गरे मनलाई सन्तुष्टि मिल्ने र आम्दानी पनि गर्न सकिने उनको भनाइ छ।

"विदेशमा गएपछि सजिलै कमाइ हुन्छ भन्ने सोचेको थिएँ, त्यहाँ गएपछि दुःख, त्यहाँको कामलाई हेरेर म आफ्नै ठाउँमा फर्किन्छु भनेर फर्किएँ, केही वर्ष होटल व्यवसाय गरें, त्यहाँ राम्रै भएको थियो, मलाई शहरबजारभन्दा गाउँ नै ठीक लाग्यो र यहाँ आएँ," कँडेलले भने, "अहिले मलाई गाउँ फर्किएकोमा कुनै पश्चात्ताप छैन, मैले जे गरे ठीक गरें जस्तो लाग्छ, मैले दुईवटा भैंसीबाट परीक्षणका लागि दूध उत्पादनमा लागेको थिएँ, अहिले मलाई लन्डनभन्दा भैंसीगोठमा सन्तुष्टि मिलेको छ।"

कँडेलले गाउँमा शहरबजारभन्दा केही दुःख भएपनि सम्भावना धेरै रहेको बताए। पछिल्लो समय धेरै युवाको रोजाइ विदेश रहेको सुनाउँदै त्यहाँ गर्ने दुःख आफ्नै पाखा पखेरामा गरे राम्रो आम्दानी गर्न सकिने र आनन्दको जीवनयापन हुने उनको भनाइ छ। भैंसी पालेर दूध बिक्रीबाट आफ्नो परिवार राम्रोसँग चलेको कँडेल बताउँछन्।

# चार महीनामा साढे छ करोड बढी राजस्व

प्रस, जीतपुर, २० मङ्सिर/

भूमिसुधार तथा मालपोत कार्यालय सिमरा, बाराले चालू आव २०८१/८२ को चार महीनामा साढे छ करोड बढी राजस्व सङ्कलन गरेको छ।

चालू आवको चार महीनामा सो कार्यालयले छ करोड ६२ लाख ९१ हजार ९७९ राजस्व सङ्कलन गरेको भूमिसुधार तथा मालपोत कार्यालय, सिमरा, बाराका सूचना अधिकारी लीलाराज पौडेलले बताए। उनले रजिस्ट्रेशन, रोक्का र पूँजीगत लाभकरसहित चालू आवको चार महीनामा सो बराबरको राजस्व सङ्कलन भएको बताए।

**राजस्व ...**

राजस्व बढाउनका लागि भन्सारको दरबन्दी बढाउने प्रचलन छ। सीमा क्षेत्रको वस्तुको मूल्य र हाम्रो वस्तुको मूल्य कति अन्तर छ हेरिंदैन। जसले गर्दा राजस्व चुहावटका घटनामा वृद्धि भइरहेको छ।"

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले वीरगंज नाकाबाट पेट्रोलियम पदार्थ, सवारीसाधन र कच्चा पदार्थ आयात क्रमशः घट्दै गइरहेको बताए । "नेपालको राजस्व प्रणाली नै आयातमुखी छ। पछिल्लो समय आयात घटेकाले राजस्व सङ्कलनमा दबाब परिरहेको छ," उनले भने, "सबै निकायले समन्वय गरेर काम गर्न आवश्यक छ।"

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले एक निकायले अर्को निकायलाई दोषारोपण गरेरभन्दा सबै निकायले हातेमालो गरेर अघि बढेको खण्डमा सरकारको लक्ष्य प्राप्ति गर्न सकिने बताए।

बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले सबै निकायले समन्वयात्मक ढङ्गले काम गरेको खण्डमा सरकारले राखेको लक्ष्य हासिल गर्न सकिने बताए।

राजस्व अनुसन्धान कार्यालय, पथैलयाका प्रमुख अनुसन्धान अधिकृत हरिप्रसाद शर्माले राजस्व चुहावटसम्बन्धी गतिविधि नियन्त्रण गर्न प्रभावकारी ढङ्गले काम गर्दै आइरहेको दाबी गरे । कार्यालयले चालू आर्थिक वर्षको चार महीनामा राजस्व चुहावटतर्फ पाँच करोड ४३ लाख रकम धरौटी असुलेको जनाएको छ। विदेशी विनिमयतर्फ एक करोड ९६ लाख रकम असुल गरिएको बताइएको छ।

**वित्तीय ...**

घाटामा बिक्री गर्न बाध्य हुन्छन् । यिनीहरूमा जब बजारमा मूल्य घट्न थाल्छ र पिंधमा आइपुग्छ अब कहिले बजार सुधार हुन सक्दैन भन्ने अत्यास देखा पर्छ । तब आफ्नो सम्पत्ति कम मूल्यमा बेचबिखन गर्न तयार हुन्छन् । अब कहिले बजारमा नजाने भित्रभित्रै वाचा गर्छन् र घाटालाई स्वीकार्दै आफैंलाई धिकार्ने गरेको देखिन्छन्। यसैले वित्तीय साक्षरता भएर पनि यस्ता मानिसहरू बढी लोभी हुँदा गरीब नै हुने गर्छन्।

**अनुशासन :** कुनै व्यक्तिलाई हरेक दिन आफ्नो खातामा रु ५० राखेर वर्षमा रु १८ हजार २५० प्रिमियमको इन्स्योरेन्स गर्नु भन्यो भने कतिजना तयार होलान्? वा वार्षिक रु २२ हजार प्रिमियम पर्ने तिरेर त्यही किन्न सक्नुहुनेछ भनियो भने मानिसले कुन स्किम छनोट गर्छ होला? केही घाटा नै भएपनि सजिलै अनुमान लगाउन सकिन्छ दोस्रो योजना छान्नेछ। पहिलो योजनाको लागि दोस्रोमा भन्दा बढी अनुशासनको जरुरी छ र उसलाई तीन हजार ७५० को फाइदा पनि छ। मानिसले त्यो फाइदा थाहा पाएर पनि किन त्यसो गर्न चाहँदैन? कारण एउटै छ मानिसले नाफाघाटा थाहा पाएर पनि ऊ आफू अनुशासनमा रहन नसक्दा महँगोमा खरीद गर्न तयार हुन्छ। मानौं कुनै खुत्रुकेमा दैनिक रु एकका दरले ३६५ दिनसम्म ३६५ रुपैयाँ जम्मा गर्नुहोस् भन्यो भने कति तयार हुन्छौं? हो अनुशासन भनेको यही हो। हरेक व्यक्ति एकैपटक रु ३६५ हालेर खुत्रुके भर्न सक्छ तर प्रत्येक दिन रु एक हालेर रु ३६५ जम्मा गर्न सक्दैन। वित्तीय ज्ञान भएका व्यक्तिहरू पनि लामो समयसम्मका लागि अनुशासित हुन नसक्दा लगानी गुम्ने गरेका छन्। रासस

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनद्वारा सैनिक भर्ना उमेर घटाउने आह्वान अस्वीकार

किएभ, २० मङ्सिर/एएफपी

युक्रेनले रूससँगको युद्धका लागि सैनिक भर्ना उमेर घटाउने महत्त्वपूर्ण सहयोगी संयुक्त राज्य अमेरिकाको आह्वान अस्वीकार गर्ने निर्णय गरेको छ।

फ्रन्टलाइनमा जनशक्तिको अभावलाई कम गर्न वाशिङ्टनले किएभलाई वर्तमान २५ को सट्टा १८ वर्षको उमेरबाट पुरुषहरूलाई भर्ना गर्ने विचार गर्न दबाब दिइरहेको छ।

"हाम्रो स्थिति सकेसम्म पारदर्शी छ, हामी परिचालन उमेर घटाउनेछैनौं," नाम नछाप्ने शर्तमा एकजना अधिकारीले भने।

परिचालन युक्रेनभित्र निकै संवेदनशील विषय हो।

सैनिक भर्तीकर्ताहरूले किएभका प्रमुख शहरका सडकहरूमा सर्वेक्षण गरी होटल र बारहरूमा छापा मारेर युद्धका लागि योग्य पुरुषहरूले सैन्य अधिकारीहरूमा दर्ता गरेका छन् वा छैनन् जाँच गर्छन्।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यस वर्ष पुरुषहरूलाई २७ बाट २५ पारे तर अझै उमेर घटाउने अनुरोधलाई अस्वीकार गरिरहेका छन्।

गत महीना अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले युक्रेनले 'हाम्रो विचारमा फ्रन्टलाइनमा रहेको सेनाको सङ्ख्याको सन्दर्भमा आफ्नो लाइनलाई बलियो बनाउन अझ बढी गर्न आवश्यक छ' भनेका थिए।

निवर्तमान अमेरिकी राष्ट्रपति जो बाइडेन प्रशासनका एक वरिष्ठ अधिकारीले नोभेम्बरमा युक्रेनले 'अस्तित्वगत' भर्ती सङ्कटको सामना गरिरहेको बताएका थिए।

वाशिङ्टनले अनिवार्य भर्नाका लागि उपयुक्त न्यूनतम उमेरलाई के मान्छ भनेर सोधिएको प्रश्नमा अधिकारीले जवाफ दिए, "हामीलाई लाग्छ कि भर्तीको उमेरलाई १८ मा घटाउने विचार गर्दा अमेरिकी मापदण्डअनुरूप उनीहरूको वास्तविक मूल्य देख्छौं।"

यसको सट्टा किएभले पश्चिमलाई रूसी आक्रमणविरुद्ध रक्षा गर्न अझ बढी र राम्रा हतियारहरू दिन दबाब दिइरहेको छ।

"सेना प्राविधिकरूपमा उन्नत हुनुपर्छ र पर्याप्त हतियारहरू हुनुपर्छ। हामी युवाहरूको कमी वा हतियारको सीमितताको क्षतिपूर्ति गर्नेछैनौं," वाशिङ्टनले हतियार आपूर्तिमा ढिलाइलाई लिएर 'युक्रेनमा जिम्मेवारी सार्ने' प्रयास गरिरहेको आरोप लगाउँदै युक्रेनी अधिकारीले भने, "यो पहिलो विश्वयुद्ध होइन, तर एक आधुनिक प्राविधिक युद्ध हो।"

जनवरीमा अमेरिकी राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पले पदभार ग्रहण गर्नु अघि रूसी सेनाले पूर्वी मोर्चामा आक्रमण बढाउने र दुवै पक्षले माथिल्लो हात सुरक्षित गर्ने प्रयास गर्दा बहस शुरू भएको छ। रासस

## डिआर कङ्गो अज्ञात रोगका कारण अधिकतम सतर्कतामा

किन्सासा, २० मङ्सिर/एएफपी

डेमोक्रेटिक रिपब्लिक अफ कोङ्गो (डिआर कङ्गो)ले एक रहस्यमय रोगप्रति 'अधिकतम सतर्कता' घोषणा गरेको छ। उक्त एक महीनाभन्दा कम समयमा केही दर्जन मानिसको मृत्यु भएको छ।

यस रोगले फ्लूजस्ता ज्वरो, खोकी र टाउको दुख्ने लक्षणहरू निम्त्याउँछ र कङ्गोका अधिकारीहरूले यसलाई 'अज्ञात सार्वजनिक स्वास्थ्य घटना' भनेका छन्।

पहिलोपटक अक्टोबरको अन्त्यतिर पत्ता लागेका मामिलाहरू अहिलेसम्म राजधानी किन्सासाबाट करीब सात सय किलोमिटर दक्षिणपूर्वमा रहेको पान्जी क्षेत्रमा सीमित छन्।

"हामी अधिकतम सतर्क छौं, हामी यसलाई महामारीको स्तर मान्छौं, यसलाई हामीले निगरानी गर्न आवश्यक छ," स्वास्थ्यमन्त्री स्यामुएल रोजर कम्बाले किन्सासामा पत्रकारहरूलाई भने, "स्वास्थ्य केन्द्रमा हामीले २७ जनाको मृत्यु भएको गणना गरेका छौं।"

उनले समुदायमा थप ४४ जनाको मृत्यु भएको तर 'अन्य सम्भावित कारणहरू' यसमा संलग्न हुन सक्ने बताए।

यस क्षेत्रमा सडकमार्फत पुग्न गाह्रो छ र स्वास्थ्य पूर्वाधारको अभाव छ। बासिन्दाले पिउने पानी र औषधिको अभाव पनि भोग्नुपरेको छ।

मन्त्री कम्बाका अनुसार यस क्षेत्रका ६० प्रतिशतभन्दा बढी मानिस विशेषगरी बालिबालिकाहरू कुपोषणबाट पीडित छन्। यो देशमा सबैभन्दा बढी दर हो।

यस क्षेत्रले दुई वर्ष अघि नै गम्भीर टाइफाइड ज्वरोको महामारी भोगेको उनले स्मरण गरे।

प्रारम्भिक तथ्याङ्क अनुसार अज्ञात रोगले विशेषगरी युवाहरूलाई असर गर्छ। यसमा ४० प्रतिशत मामिला पाँच वर्षमुनिका छन्।

एपिडेमियोलोजिस्टहरू नमूना सङ्कलन गर्न पान्जी पठाइएका छन्।

मन्त्री कम्बाका अनुसार विशेषज्ञहरूले कोरोना भाइरसलाई अस्वीकार गरेका छन् तर यो श्वासप्रश्वास प्रणालीलाई असर गर्ने रोग हो भन्ने निष्कर्षमा पुगेका छन्।

स्वास्थ्य केन्द्रमा ४४ जनाको श्वासप्रश्वासको समस्याका कारण मृत्यु भएको मन्त्रीले जानकारी दिए। गम्भीर रक्तअल्पताका कारण १० जनाको मृत्यु भएको छ।

विश्वको सबैभन्दा गरीब देशहरूमध्ये एक डिआर कङ्गो हालैका महीनाहरूमा एमपक्सको प्रकोपको केन्द्रबिन्दुमा रहेको छ। एमपक्सबाट एक हजारभन्दा बढी मानिसको मृत्यु भएको छ। रासस

## तालिबानको महिला र केटीहरूमाथिको व्यवहारका कारण नर्वेद्वारा राजदूत अस्वीकार

ओस्लो, २० मङ्सिर/एएफपी

महिला र केटीहरूको व्यवहारको विरोधमा सम्बन्धहरू यथावत् रहेको अवस्थामा तालिबानद्वारा नियुक्त कुनै पनि नयाँ अफगानिस्तानी राजदूतलाई मान्यता नदिने नर्वेले बिहीवार घोषणा गरेको छ।

ओस्लोमा रहेको अफगानी दूतावास सेप्टेम्बर १२ मा बन्द नभएसम्म पहिलेको पश्चिमी समर्थित सरकारप्रति वफादार अधिकारीहरूद्वारा सञ्चालित थियो।

काबुलमा रहेका तालिबान अधिकारीहरूको अनुरोधमा मिसन बन्द गरिएको नर्वेली अधिकारीहरूले बताए। तालिबानले सन् २०२१ मा अफगानिस्तानमा पुनः नियन्त्रण लिए तर कुनै पनि देशले औपचारिकरूपमा मान्यता दिएनन्।

"हामीले तालिबानलाई यदि तिनीहरूको कोही नयाँ अफगानिस्तानी राजदूत पठाउने इच्छा छ भने ओस्लोमा स्वीकार गर्ने कुरै छैन भनी स्पष्ट पारेका छौं," नर्वेका विदेशमन्त्री एस्पेन बार्थ एइडेले भने, "हालै अफगानिस्तानमा विशेषगरी अफगान महिला र केटीहरूलाई प्रभावित गर्ने नयाँ प्रतिबन्धहरू लगाइएका छन्, यही कारणले नर्वेले आफ्ना सम्बन्धहरू कम गर्दैछ।"

नर्वेले 'कन्सुलर मामिला, भिसा र अन्य जरुरी मामिलाहरू' सम्हाल्न मात्र अफगान अधिकारीलाई स्वीकार गर्ने उनले विज्ञप्तिमा बताए।

अफगानिस्तानमा महिला र केटीहरूका लागि स्थितिमा थप कठोरता ल्याइएपछि सम्बन्धहरू कम गर्ने निर्णय त्यसपछि आएको हो। अफगानिस्तानमा पहिले नै महिला तथा केटीहरूलाई १२ वर्ष उमेरपछि औपचारिक शिक्षाबाट निषेध गरिएको छ र क्रमशः सार्वजनिक स्थानहरूबाट विस्थापित गरिएको छ।

सेप्टेम्बरमा लन्डनस्थित अफगान मिसनलाई पनि तालिबान अधिकारीहरूले आफ्ना कर्मचारीहरूलाई बर्खास्त गरेपछि बन्द गरिएको थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – क्रमप्राप्ति | वृष – राज्यलाभ |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – शत्रुपराजय | कन्या – सुसमाचार |
| तुला – भयचिन्ता | वृश्चिक – मित्रमिलन |
| धनु – अतिथिआगमन | मकर – सुयश |
| कुम्भ – अलमल | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**प्रतीकात्मक राम, लक्ष्मण, भरत र शत्रुघ्नः** विवाहपञ्चमी महामहोत्सवको अवसरमा भारतको उत्तर प्रदेश अयोध्याबाट प्रतीकात्मकरूपमा आएका मर्यादा पुरुषोत्तम भगवान् श्रीराम, लक्ष्मण, भरत र शत्रुघ्न। तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

## एक महीनामा डेढ सय बढी अन्तर्राष्ट्रिय उडान

काठमाडौं, २० मङ्सिर/रासस

मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भएर एक महीनामा डेढ सयभन्दा बढी अन्तर्राष्ट्रिय उडान भएका छन्। यस क्रममा झन्डै पाँच हजारजनाले हवाई यात्रा गरेका छन्।

गौतमबुद्ध विमानस्थलबाट गत कात्तिक १८ देखि मङ्सिर १८ गतेसम्म ४,७७१ यात्रुले सेवा लिएको उक्त विमानस्थलका महाप्रबन्धक प्रतापबाबू तिवारीले बताए। उनले एक महीनाको अवधिमा फ्लाई दुबईले सर्वाधिक उडान भरेको बताए। तर यात्रुका हिसाबले एक महीनामा जजिरा एयरवेजले सबैभन्दा धेरै ३,०३४ यात्रुलाई सेवा दिएको छ। यस्तै, फ्लाई दुबईले १,११३ यात्रु भैरहवा ओरालेको र भैरहवाबाट १९ जनालाई दुबई लगेको तथ्याङ्क छ।

गौतमबुद्ध विमानस्थलमा अन्तर्राष्ट्रियतर्फ एक महीनामा २,२३८ यात्रु भैरहवाबाट विदेश उडेका छन् भने २,५३३ यात्रु भैरहवा ओर्लिएका छन्। साथै एक महीनामा भैरहवालाई ट्रान्जिट बनाएर ५,४६७ यात्रु उडेको महाप्रबन्धक तिवारीले जानकारी दिए। एक महीनामा कुल १५६ उडान/अवतरण भएका जनाइएको छ। थाई एयर एशियाले ४४७ यात्रुलाई सेवा दिएको छ भने कतारले ९३ र नेपाल एयरलाइन्सले ३९ यात्रुलाई सेवा दिएको छ।

महाप्रबन्धक तिवारीका अनुसार पर्यटकीय उद्देश्यलेभन्दा श्रम गन्तव्यमा उडान गर्ने यात्रु उल्लेखनीय रहेको र धेरै यात्रुको छनोटको गन्तव्य कुवेत रहेको पाइएको छ। अर्कोतर्फ, बजेट एयरलाइन्सले फूल सर्भिस एयरलाइन्सभन्दा धेरै यात्रु बोकेको अध्ययनले देखाएको छ। सीधा र लो-कस्ट एयरलाइन्स, त्यसमा पनि श्रम गन्तव्य धेरैको छनोटमा रहेको पाइएको हुँदा वायुसेवा कम्पनीले बिजनेसलाई प्राथमिकता दिने भएकाले आगामी दिनमा यसैका आधारमा मार्केटिङ र बिजनेस अनुकूल रणनीति बनाउनुपर्ने आवश्यकता रहेको विमानस्थलको निष्कर्ष छ। पछिल्ला दिनमा भैरहवाबाट अन्तर्राष्ट्रिय उडानलाई दिगो र प्रभावकारी बनाउन सङ्घीय र प्रदेशस्तरीय मन्त्रीदेखि विभिन्न सरोकारवाला निकायसँग नियमितजसो छलफल र अन्तर्क्रिया भइरहेको विमानस्थलले जनाएको छ।

**विवाहपञ्चमी ...**

**विवाह पञ्चमी महोत्सव अन्तर्गत मटकोर सम्पन्न**

यसैबीच, जनकपुरधामको रामजानकी विवाहपञ्चमी महोत्सव अन्तर्गत आज पाँचौं दिन मटकोर कार्यक्रम सम्पन्न भएको छ।

जनकपुरधामको ऐतिहासिक गङ्गासागर पोखरीमा भएको सो कार्यक्रममा नेपाल र भारतका साधुसन्तहरूको सहभागिता थियो। रामजानकीको झाँकी प्रदर्शनसहित भएको सो कार्यक्रमका सहभागी मिथिलानीले रामजानकीसम्बन्धी गीतसमेत गाएका थिए।

कार्यक्रममा जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवको नेतृत्वमा मटकोरका लागि महिला तथा साधुसन्त गङ्गासागर पुगेका थिए। मटकोरमा रामजानकीको विवाहका लागि वेदी बनाउन माटो लगिने परम्परा छ। गङ्गासागरमा उत्तराधिकारी महन्तदासले माटो निकालेका थिए।

मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी, सङ्घीय सांसद जुली महतो, जिल्ला समन्वय समितिका अध्यक्ष राजनन्दन मण्डल, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहलगायतको सहभागिता थियो।

अतिथि एवं साधुसन्तलाई प्रदेशसभा सदस्य रामआशिष यादव, सेभ हिस्टोरिकल जनकपुरधामका अध्यक्ष सुरेश शर्मा, सेभ हिस्टोरिकलका पदाधिकारीहरूले स्वागत गरेका थिए।

महिलाहरूले माटो बोकेर नगरपरिक्रमा गरेका थिए। मटकोरको क्रममा गङ्गासागरको किनारामा भजनकीर्तनको कार्यक्रम राखिएको छ।

जानकीको प्रतीकको रूपमा रहेकी बालिकालाई लिएर बाजागाजासहित मन्दिरको टोली गङ्गासागर पुग्ने गर्छ। वैदिक मन्त्र उच्चारण गरी विधिपूर्वक जानकी मन्दिरमा भित्र्याइएको माटोले रामजानकी विवाहका लागि वेदी तयार गर्ने चलन छ।

जानकी जन्मोत्सवको सन्दर्भ पारेर विवाहका हरेक कार्यक्रम जनकपुरमा भइरहेका छन्। शुक्रवार वैदिक परम्परा अनुसार रामजानकीको विवाह हुनेछ। जनकपुरधाममा सप्ताहव्यापी विवाहपञ्चमी महोत्सव अन्तर्गत पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चोथौ दिन तिलकोत्सव र आज पाँचौं दिन मटकोर कार्यक्रम भएको हो। शुक्रवार स्वयंवर तथा विवाहोत्सव र शनिवार रामकलेवासँगै विवाहपञ्चमी महोत्सव सम्पन्न हुनेछ।



**कोदालो बोकेका छोटे महन्त दासः** राजा जनककी छोरी जनकनन्दिनी माता सीताको मटकोर विधि कार्यक्रमका लागि जानकी मन्दिरबाट बाजागाजासहित जनकपुरधामको ऐतिहासिक गङ्गासागरमा पुगी बिहेको वेदी बनाउनका लागि माटो ल्याउन कोदालो बोकेका जानकी मन्दिरका छोटे महन्त रामरोशन दास वैष्णव। विवाहपञ्चमी महोत्सव अन्तर्गत पाँचौं दिन मटकोर विधि गर्ने परम्परा छ। तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

# महानगरको पहलमा श्मशानघाटको पुनर्संरचना हुँदै

प्रस, वीरगंज, २० मङ्सिर/

वीरगंज महानगरपालिका–१० अशोकवाटिकास्थित श्मशानघाटको पुनर्निर्माण कार्य भइरहेको छ। स्थलदेखि उत्तरतर्फ विद्युतीय शवगृह निर्माण हुने बताए। महानगरले भवन निर्माण गर्ने र मधेस प्रदेश सरकारले त्यसमा विद्युतीय संरचना जडान गर्ने लगानीमा विद्युतीय शवगृह भवन निर्माण गरिदिएको तर त्यसमा विद्युतीय संरचना जडानमा स्थानीयले अवरोध गरेकाले स्थगित भएको बताए।



महानगरपालिकाले पुरानो संरचना भत्काएर श्रीसिया नदीसँगको भागमा एकपटकमा पाँचवटा शव जलाउन सकिने गरी नयाँ संरचना बनाउन लागेको हो। नगरप्रमुख राजेशमान सिंहले अहिले काम जारी रहेको र पटकपटक बजेट विनियोजन गरेर काम भइरहेकाले यकीन खर्च अनुमान गर्न नसकिने बताए। उनले श्मशानघाटलाई आधुनिकीकरण गर्ने महानगरको प्रयास हो र निकट भविष्यमा विद्युतीय शवगृह पनि जडान हुने बताए। उनले महानगरपालिकाले दाउराबाट जलाउने संरचना निर्माण गरिएको उनले जानकारी गराए। उनले यस अघि सो स्थानमा महानगरले विद्युतीय शवगृहका लागि बनाएको भवनमा किरियापुत्रीहरूलाई बस्ने व्यवस्था गरिने बताए।

तर मधेस प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्माले आफ्नो पालामा विद्युतीय शवगृहका लागि दुई करोड बजेट विनियोजन भएको तर स्थानीयहरूको विरोधका कारण विद्युतीय संरचना जडान हुन नसकेको बताए। उनले तत्कालीन नगरप्रमुख विजयकुमार सरावगीले महानगरको ५० लाख

अशोकवाटिकास्थित श्मशानघाट पूर्वनगरप्रमुख माधवलाल श्रेष्ठको पालामा सार्वजनिक जग्गामा निर्माण गरिएको हो। त्यसपछि पूर्वसांसदहरू ओमप्रकाश शर्मा, विमल केडिया र श्याम टिबडेवालले पुरानो संरचनामा परिवर्तन गर्दै श्मशानघाटलाई थप व्यवस्थित पारेका थिए। त्यस्तै, श्मशानघाटलाई आधुनिकीकरण गर्दै त्यहाँ बगैंचा आदिको निर्माणमा राजकुमार दारुकाले विशेष योगदान पुर्‍याएका थिए।

पूर्वनगरप्रमुख श्रेष्ठको पालादेखि अहिलेसम्म श्मशानघाटको संरचना फेरिने क्रमसँगै प्रवेशद्वार पनि फेरिंदै आएको छ। अहिले महानगरपालिकाले पुरानो संरचना परिवर्तन गरेर आधुनिकीकरण गर्दासम्म चारवटा प्रवेशद्वार भइसकेका छन्। तीनवटा अहिले पनि सञ्चालनमा छन् भने एउटालाई अहिले महानगरले पर्खाल बनाएर बन्द गरिदिएको छ। अहिलेको संरचनाले श्रीसिया नदीलाई पूर्णरूपमा जोडिदिएको छ। त्यसपछि श्मशानघाट फैलिने सम्भावना छैन। ऐलानी जग्गा व्यक्तिविशेषको हकअधिकारमा नपरोस् भनेर पूर्वनगरप्रमुख श्रेष्ठले शुरू गरेको यो अभियानमा श्मशानघाटले श्रीसिया नदीसम्मको क्षेत्र ओगटेर फराकिलो भएको छ।

वीरगंजमा अशोकवाटिकापछि ग्रीनसिटी सामुदायिक सेवा केन्द्रको पहलमा दाताहरूले रु २० लाखको लागतमा वीरगंज महानगरपालिका–१८ हाल सवारी चालक अनुमतिका लागि लिइने ड्राइभिङ सेन्टरनजीक शवगृह निर्माण गरी सञ्चालनमा छ। ग्रीनसिटीका अध्यक्ष जयप्रकाश खेतानले सो स्थानमा निर्मित शवगृहमा महानगरपालिकाका सबै वडाबाट हुने अन्तिम संस्कारको विधि पूरा हुने क्षमतावान् भएको बताए। उनले अहिले दाहसंस्कारको लागि शवगृह निर्माण गरिएको र पछि आवश्यकता अनुसार थप व्यवस्थापन गरिने बताए।


## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

> महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,

> हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,

> उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

आफन्त, नातेदार, छिमेकी, साथीभाइ वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


**२५ जना ...**

माईस्थान इही समितिले ४१ वर्षदेखि नेवार कुलमा जन्मिएका छोरीहरूको सामूहिक बेलविवाह गराउँदै आएको बताए। उनले नेवार कुलमा जन्मेका छोरीले पहिलो विवाह महीनावारी अघि बेललाई भगवान् विष्णुको प्रतीक मानेर विवाह गर्ने परम्परा अनुसार बेलविवाह बढी महत्त्वपूर्ण हुने बताए। उनले यो एक प्रकारको विवाह भएको र यो परम्परा नेवारबाहेक नेपालका अन्य जातिमा नरहेको दाबी गरे। बेलविवाह कार्यक्रम सम्पन्न गर्नका लागि प्रतिव्यक्ति रु ३५ सय लिएको र शुल्क तिर्न नसक्नेहरूलाई पनि सहभागी गराइएको उनले बताए। काठमाडौंका नेवार



कार्यक्रम गरिंदै आएको बताए।

सूर्य पूजा र दर्शन मात्रै हुने र कन्यादान नगर्ने भएकाले सूर्यदर्शन विवाह होइन भन्ने धारणा छ। सुवर्ण कुमारसँग विवाह गरिसकेपछि रजस्वला हुनु अघि नै बेलविवाह गरिन्छ। उनले बेलविवाह भनेको विवाह हो र नेवार समाजमा यो बाजेलाई बोलाएर विधिपूर्वक बेलविवाह सम्पन्न गरेको उनले बताए।

माईस्थान इही समितिका अध्यक्ष श्यामप्रसाद श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा सचिव सुन्दर श्रेष्ठ, कोषाध्यक्ष अनन्तलाल जोशीलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## जनकपुर बोल्ट्सको तेस्रो जीत, पोखरा सात विकेटले पराजित

काठमाडौं, २० मङ्सिर/रासस

नेपाल प्रिमियर लिगमा बिहीवार जनकपुर बोल्ट्सले लगातार तेस्रो जीत निकालेको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा पोखरा एभेन्जर्सलाई सात विकेटले पराजित गर्दै जनकपुरले तेस्रो जीत निकालेको हो।



पोखरा एभेन्जर्सले जीतका लागि दिएको १३९ रनको लक्ष्य जनकपुरले १७ दशमलव एक ओभरमा तीन विकेट गुमाउँदै पूरा गरेको हो। जनकपुरले यस अघि विराटनगर किङ्ग्स र कर्णाली याक्सलाई पराजित गरेको थियो

जनकपुरको जीतमा लाहिरू मिलन्थाले सर्वाधिक ४५ रन बनाए। यस्तै, आसिफ शेखले ३२, अनिल साहले एक रन बनाउँदा अविजित रहँदै जेम्स निशमले ४० र हर्ष ठाकरले १३ रन जोडे।

बलिङतर्फ पोखराका कप्तान कुशल भुर्तेल, माइकल लिस्क र विपिन खत्रीले समान एक/एक विकेट लिए।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १३८ रन बनाएको थियो। पोखराका लागि मार्क्स क्रिचले सर्वाधिक ३५ रन बनाए। माइकल लिस्कले २५, एन्ड्रिज गौसले २०, रेमन रेफरले १७ र दिलीप नाथले ११ रनको योगदान दिए। साथै दिनेश खरेलले १०, कप्तान कुशल भुर्तेलले छ रन जोडे भने अविजित रहँदै नारायण जोशीले पाँच र विपिन खत्रीले एक रन बनाए।

जनकपुरका लागि ललित राजवंशीले सर्वाधिक तीन विकेट लिए। त्यस्तै, जेम्स निशमले दुई, मोहम्मद मोहसिन र किशोर महतोले समान एक/एक विकेट लिए। जारी एनपिएलमा पोखरा एभेन्जर्सको यो दोस्रो हार हो। यस अघि पोखरालाई चितवनले ८७ रनको फराकिलो अन्तरले हराएको थियो।

## सुदूरपश्चिमको दोस्रो जीत

काठमाडौं, २० मङ्सिर/रासस

एनपिएलमा सुदूरपश्चिम रोयल्सले दोस्रो जीत हात पारेको छ। त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा आज भएको दोस्रो खेलमा सुदूरपश्चिम रोयल्सले काठमाडौं गुर्खाजलाई ७३ रनले हराएको छ।

सुदूरपश्चिम रोयल्सले जीतका लागि दिएको १६८ रनको लक्ष्य पछ्याउने क्रममा काठमाडौं गुर्खाज १५ दशमलव पाँच ओभरमा ९४ रन बनाउँदै अलआउट भयो। काठमाडौंका लागि स्टिफन एस्किनाजीले सर्वाधिक ३७ रन बनाए। उनले ३३ बलमा एक छक्का र पाँच चौकाको मदतले ३७ रन बनाए्। सुमित महर्जनले १४, भीम सार्की र गेरहार्ड इरासमसले समान १०/१० र प्रतीक श्रेष्ठले आठ रन बनाए।



काठमाडौंका लागि माइकल लेविटले पाँच, शङ्कर राणाले तीन, रासिद खानले दुई रन बनाउँदा कप्तान करण केसी, नाथन सोटर र शाहब आलमले समान एक/एक रन जोडे। यो खेलमा काठमाडौंले अतिरिक्त दुई रन पायो।

सुदूरपश्चिम रोयल्सका लागि नरेन साउदले सर्वाधिक पाँच विकेट लिए। अविनाश बोहोराले दुई विकेट हात पार्दा ब्रान्डन म्याकमुलेन र सैफ जैबले समान एक/एक विकेट लिए। योसँगै सुदूरपश्चिम रोयल्सको यो दोस्रो जीत हो। सुदूरपश्चिमले यस अघि विराटनगर किङ्ग्सलाई ९० रनले पराजित गरेको थियो।

त्यस अघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १६७ रन बनाएको थियो। सुदूरपश्चिमका लागि ब्रान्डन म्याकमुलेनको अर्धशतक प्रहार गरे। उनले ३६ बलमा चार छक्का र तीन चौकाको मदतले सर्वाधिक ५४ रन बनाए। कप्तान दीपेन्द्रसिंह ऐरीले २५ बलमा दुई छक्का र तीन चौका प्रहार गर्दै ४२ रन जोडेका थिए।

यस्तै, विनोद भण्डारीले ३५, सैफ जैबले ११, रोहन मुस्तफाले चार र आरिफ शेखले तीन रन बनाए। खेलमा अविजित रहँदै स्कट कुग्गेलिजनले सात र इशान पाण्डेले एक रनको बनाए। यो खेलमा सुदूरपश्चिमले अतिरिक्त १० रन पायो।

काठमाडौंका लागि रासिद खानले सर्वाधिक दुई विकेट लिए। गेरहार्ड इरासमस, शाहब आलम र कप्तान करण केसीले एक/एक विकेट लिएका थिए।

एनपिएलमा काठमाडौं गुर्खाजको यो दोस्रो हार हो। तीन खेल खेलेको काठमाडौंले यस अघि एक खेलमा विजयी भएको थियो।

# ज्ञानदा एकेडेमीद्वारा शैक्षिक भ्रमण

प्रस, वीरगंज, २० मङ्सिर/

ज्ञानदा एकेडेमीमा कक्षा १२ मा कम्प्युटर विज्ञान विषय अध्ययनरत विद्यार्थीहरूले एकदिवसीय शैक्षिक भ्रमण गरेका छन्। उनीहरूलाई शैक्षिक भ्रमणको क्रममा हेटौंडा उपमहानगरस्थित डिजास्टर रिकभरी सेन्टरमा लगिएको थियो। सो सेन्टरमा विद्यार्थीहरूले नौलो विषयमा महत्त्वपूर्ण जानकारीहरू प्राप्त गरेको बताए।

उनीहरूले टेक्नोलोजी र डेटा सुरक्षाको विषयसँग सम्बन्धित महत्त्वपूर्ण जानकारीका साथै यसको प्रयोगले अहिलेको परिप्रेक्ष्यमा पुगेको टेवालाई नजीकबाट नियाल्ने मौका पाएको बताए। डेटा कसरी भण्डारण र सुरक्षित गरिएको छ भनेर बुझ्नेदेखि लिएर आपदा पुनर्प्राप्ति योजनाहरूको बारेमा सिकाइ गरेका थिए। विद्यार्थीहरूले डेटा भण्डारण, जगेडा प्रणाली र आपदा रिकभरी रणनीतिहरूको बारेमा पनि धेरै कुरा सिकेको ज्ञानदा एकेडेमीले जनाएको छ। टेक्नोलोजीले कसरी संसारलाई सहजरूपमा चलाउँछ भन्ने कुरा उनीहरूका लागि आकर्षकको विषय थियो।

# बालबालिकालाई जुत्ता र मोजा सहयोग

प्रस, पर्सागढी, २० मङ्सिर/

रोटरी क्लब अफ वीरगंजले सयजना



बालबालिकालाई जुत्ता र मोजा सहयोग गरेको छ। वीरगंज महागरपालिका–३० स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा कक्षा ३–५ मा अध्ययनरत सयजना बालबालिकालाई जुत्ता र मोजा वितरण गरिएको रोटरी क्लबका रवि गुप्ताले बताए।

जाडोयाममा बालबालिकाहरूलाई विद्यालयमा आउने वातावरण बनाउने उद्देश्यले जुत्ता र मोजा सहयोग गरेको उनले बताए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रप्रसाद यादवको अध्यक्षतामा कार्यक्रम भएको थियो।